# तेस्रो वार्षिक प्रतिवेदन

## २०७६/७७

# महिला लघुवित्त वित्तीय संस्था लि.

## MAHILA LAGHUBITTA BITTIYA SANSTHA LTD.

"नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त संस्था" (राष्ट्रियस्तरको कार्य क्षेत्र भएको)

## MLBSL Area Coverage




| Province No. | Total No. of Districts |
|---|---|
| 1 | 14 |
| 2 | 8 |
| 3 | 13 |
| 4 | 11 |
| 5 | 12 |
| 6 | 10 |
| 7 | 9 |
| Total | 77 |

Nepal Coverage

**Mahila Laghubitta Bittiya Sanstha Ltd.**

As on Poush 16, 2077

| Province | No. of Districts | No. of Branches |
|---|---|---|
| Province 1 | 2 | 3 |
| Province 2 | 8 | 12 |
| Bagmati Province | 8 | 16 |
| Gandaki Province | 3 | 3 |
| Lumbini Province | 6 | 11 |
| Karnali Province | 2 | 4 |
| Sudurpaschim Province | 2 | 9 |
| Grand Total | 31 | 58 |


महिला लघुवित्त वित्तीय संस्था लि.
Mahila Laghubitta Bittiya Sanstha Ltd.
"नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्रप्राप्त संस्था" (राष्ट्रियस्तरको कार्य क्षेत्र भएको)
केन्द्रीय कार्यालय: साँगा, नेपाल ।
पो.ब.नं.: १९२७०, फोन: ०११-६६१३२९/०१४४४०९१७
Email: info@mlbsl.com.np, Website: www.mlbsl.com.np

# सञ्चालक समिति



**श्री तारा कुँवर**
अध्यक्ष
प्रतिनिधि: महिला अधिकार तथा विकास केन्द्र



**डा. इमान सिंह गुरुङ**
सञ्चालक



**श्री सुभाष जमरकट्टेल**
सञ्चालक
प्रतिनिधि: माच्छापुच्छ्रे बैंक लि.



**श्री इन्दु कुमारी कार्की**
सञ्चालक



**कोपिला पोखरेल**
स्वतन्त्र सञ्चालक



**श्री कृष्ण प्रसाद न्यौपाने**
प्रमुख कार्यकारी अधिकृत

# महिला लघुवित्त वित्तीय संस्था लिमिटेड

## केन्द्रीय कार्यालय (व्यवस्थापन समूह)



**श्री कृष्ण प्रसाद न्यौपाने**
प्रमुख कार्यकारी अधिकृत



**श्री हरी प्रसाद गौतम**
सहायक कार्यकारी अधिकृत
(वित्त व्यवस्थापन तथा लेखा विभाग प्रमुख)



**श्री ईश्वर बहादुर रोका**
बरिष्ठ प्रबन्धक
(कर्जा सञ्चालन, अनुगमन तथा निरीक्षण विभाग प्रमुख)



**श्री बल बहादुर राना**
प्रबन्धक
(आन्तरिक, लेखापरिक्षण विभाग प्रमुख)



**श्री प्रेम बहादुर थापा**
प्रबन्धक
(योजना, अनुसन्धान तथा विकास विभाग प्रमुख)



**श्री बुद्धि सागर न्यौपाने**
सहायक प्रबन्धक
जनशक्ति व्यवस्थापन तालिम तथा सामान्य सेवा विभाग प्रमुख



**श्री सुमित बास्कोटा**
का.मु. वरिष्ठ अधिकृत
(सूचना प्रविधी विभाग प्रमुख)



**श्री ममिला पौडेल**
अधिकृत
(वित्त व्यवस्थापन तथा लेखा विभाग)

## सुपरिवेक्षण तथा निरिक्षण कार्यालय प्रमुखहरू



**श्री रमेश अधिकारी**
डिल्लीबजार, काठमाडौं



**श्री नारायण रोका**
टाँडी, चितवन



**श्री तिलक दत्त पन्त**
नेपालगञ्ज, बाँके



**श्री प्रविन कुमार माझी**
लहान, सिरहा



**श्री सुनिल अर्याल**
अत्तरिया, कैलाली

| क्र.सं. | विषयसूची | पेज |
|---|---|---|
| १ | महिला लघुवित्त वित्तीय संस्था लि. - एक परिचय | २ |
| २ | तेस्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना | ३ |
| ३ | प्रतिनिधि नियुक्त गर्ने बारे | ४ |
| ४ | वित्तीय संस्थाको प्रगति विवरणको झलक | ५ |
| ५ | वित्तीय संस्थाबाट सञ्चालन गरिएका विभिन्न कार्यक्रमका फोटाहरु | ६ |
| ६ | सञ्चालक समितिको प्रतिवेदन | ७ |
| ७ | स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन | १६ |
| ८ | वासलात | २१ |
| ९ | नाफा नोक्सान हिसाब | २२ |
| १० | नाफा नोक्सान बाँडफाँड हिसाब | २३ |
| ११ | इक्वीटीमा भएको परिवर्तन सम्बन्धी विवरण | २४ |
| १२ | नगद प्रवाह विवरण | २५ |
| १३ | शेयर पूँजी तथा स्वामित्व | २६ |
| १४ | ०.५% भन्दा बढी स्वामित्व भएका शेयरधनीहरुको विवरण | २७ |
| १५ | जगेडा तथा कोषहरु | २८ |
| १६ | ऋणपत्र तथा बण्ड | २८ |
| १७ | तिर्न बाँकी कर्जा सापटी | २९ |
| १८ | निक्षेप हिसाब | २९ |
| १९ | अन्य दायित्व | ३० |
| २० | बैंक/वित्तीय संस्थामा रहेको मौज्दात | ३० |
| २१ | लगानी | ३१ |
| २२ | शेयर, डिवेन्चर तथा बण्डमा लगानी | ३१ |
| २३ | कर्जा सापटमा वर्गीकरण र सोको लागि व्यवस्था | ३२ |
| २४ | स्थिर सम्पत्ति | ३३ |
| २५ | गैर बैंकिङ्ग सम्पत्ति | ३४ |
| २६ | अन्य सम्पत्ति | ३४ |
| २७ | अन्य सम्पत्ति (थप विवरण) | ३५ |
| २८ | सम्भावित दायित्वहरु | ३५ |
| २९ | ब्याज आम्दानी | ३५ |
| ३० | ब्याज खर्च | ३६ |
| ३१ | कमिसन तथा अन्य सञ्चालन आम्दानी | ३६ |
| ३२ | कर्मचारी खर्च | ३७ |
| ३३ | अन्य सञ्चालन खर्च | ३८ |
| ३४ | सम्भावित नोक्सानी व्यवस्था | ३९ |
| ३५ | गैर सञ्चालन आम्दानी/नोक्सान | ३९ |
| ३६ | सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | ३९ |
| ३७ | असुल हुन नसक्ने कर्जाको अपलेखन | ३९ |
| ३८ | अपलेखित कर्जाको विवरण | ४० |
| ३९ | सञ्चालक, कार्यकारी प्रमुख, संस्थापक, कर्मचारी, शेयरहोल्डरहरुलाई गएको कर्जा सापट विवरण | ४० |
| ४० | पूँजीकोष तालिका | ४१ |
| ४१ | जोखिम भारित सम्पत्ति विवरण तालिका | ४२ |
| ४२ | प्रमुख सूचकांकहरु | ४३ |
| ४३ | प्रमुख लेखा नीतिहरु | ४४ |
| ४४ | लेखा सम्बन्धी टिप्पणीहरु | ४८ |
| ४५ | संस्थापक/संस्थापक समूहका शेयरधनीले आफ्नो स्वामित्वमा रहेको शेयर अन्य बैंक तथा वित्तीय संस्थामा धितो राखी कर्जा लिएको विवरण | ५४ |
| ४६ | लेखापरीक्षण नभएको र लेखापरीक्षण भएको वित्तीय विवरणको तुलना | ५५ |
| ४७ | Unaudited Financial Results (Quarterly) as at 4th Quarter FY 076/77 | ५६ |
| ४८ | बार्षिक वित्तीय विवरण प्रकाशित गर्ने नेपाल राष्ट्र बैंकको स्वीकृति तथा सो उपर सञ्चालक समितिको प्रतिक्रिया | ५७ |
| ४९ | कविता मगरको सफलताका पाईलाहरु | ५९ |
| ५० | सदस्यका परियोजना तथा केन्द्र वैठक गतिविधिहरु | ६० |
| ५१ | मुन्नीको सफलतामा महिला लघुवित्तको साथ | ६१ |
| ५२ | शाखा कार्यालय प्रमुखहरु | ६२ |

# महिला लघुवित्त वित्तीय संस्था लिमिटेडको: एक परिचय

स्थापना मिति: २०७५/०२/२४
नेपाल राष्ट्र बैंकबाट इजाजतपत्रप्राप्त मिति: २०७५/०६/२२

**केन्द्रीय कार्यालय**
महिला लघुवित्त वित्तीय संस्था लिमिटेड
बनेपा-१३ साँगा, काभ्रे
फोन : ०११-६६१३२९
E-mail: mlbsl.nepal@gmail.com
Website: www.mlbsl.com.np

**कार्यालय संख्या**
केन्द्रीय कार्यालय ............................ १
सुपरिवेक्षण तथा निरीक्षण कार्यालय....... ५
शाखा कार्यालय ............................ ५६

## पृष्ठभूमि:

सामाजिक परिचालन र गरिवी न्युनिकरणको कार्य गर्ने गरी राष्ट्रियस्तरको गैरसरकारी संस्थाको रुपमा काठमाडौ जिल्लामा वि.सं. २०५० साल भाद्र ४ गते दर्ता भएको महिला अधिकार तथा विकास केन्द्रले वि.सं. २०५८ सालमा नेपाल राष्ट्र बैंकबाट वित्तीय मध्यस्थतकर्ताको इजाजतपत्र प्राप्त गरी काठमाडौं महानगरपालिका तथा काठमाडौ जिल्लाका केहि नगरपालिका/गाउँपालिकाहरुबाट लघुवित्त कार्यक्रम सुरु गरी वि.सं. २०७५ साल असोज मसान्तसम्ममा आइपुग्दा देशका विभिन्न १७ जिल्लाका ३३ शाखा मार्फत २५ हजार ५ सय २४ ग्राहक सदस्यहरुलाई कर्जा वचत वित्तीय सेवा सञ्चालन भईरहेको थियो । यसै पृष्ठभूमिलाई लिएर उक्त महिला अधिकार तथा विकास केन्द्रले सञ्चालन गरी ल्याएको लघुवित्त कार्यक्रमलाई अझ प्रभावकारी, दरिलो र निरन्तरताको लागि महिला अधिकार तथा विकास केन्द्रको अगुवाईमा उक्त संस्था, माछापुछ्रे बैंक तथा लामो समय देखि लघुवित्त क्षेत्रको अनुभव हाँसिल गरेका व्यक्तिहरुको संयुक्त लगानीमा यस महिला लघुवित्त वित्तीय संस्था लि. नेपाल सरकार कम्पनी रजिष्ट्रारको कार्यालयमा मिति २०७५/०२/२४ गते दर्ता भई नेपाल राष्ट्र बैंकबाट मिति २०७५/०६/२२ गते वित्तीय कारोवार गर्ने इजाजत पत्र प्राप्त गरी मिति २०७५/०७/०१ गतेबाट औपचारिक रुपमा आफ्नो कारोवार सञ्चालन गरेको यस वित्तीय संस्था लि. को पछिल्लो प्रगति विवरण देहाय बमोजिम रहेको छ ।

## कार्यक्षेत्र तथा कार्य प्रगति:

नेपाल भरी कार्य गर्ने गरी राष्ट्रिय स्तरको इजाजतपत्र प्राप्त गरी देशका विभिन्न ३० जिल्ला: काठमाडौं, ललितपुर, भक्तपुर, काभ्रेपलाञ्चोक, धादिङ्ग, नुवाकोट, लमजुङ्ग, तनहुँ, गोरखा, मोरङ्ग, सुनसरी, सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही, रौतहट, बारा, पर्सा, मकवानपुर, चितवन, नवलपरासी, रुपन्देही, कपिलवस्तु, दाङ्ग, सुर्खेत, बाँके, बर्दिया कैलाली र कञ्चनपुर जिल्लामा लघुवित्त कार्यक्रम सञ्चालन रहेको यस वित्तीय संस्थाको २०७७ मंसिर मसान्तसम्मको विवरण देहाय बमोजिम रहेको छ । २०७७ पौषमा २ वटा थप शाखा गरी ५८ वटा र ५ वटा सुपरिवेक्षण तथा निरीक्षण कार्यालय सञ्चालनमा छन् ।

| | |
|---|---|
| कार्यक्रम सञ्चालन भएको जिल्ला संख्या | : ३० |
| कुल कर्मचारी संस्या | : २५५ |
| शाखा कार्यालय संख्या | : ५६ |
| ग्राहक सदस्य संख्या | : ४९,१६९ |
| ऋणी सदस्य संख्या | : ३२५०७ |
| बाँकी बचत | : ७६,६३,३८,५२९ |
| बाँकी कर्जा | : २,६५,३२,०७,४२७ |

## प्रदान गर्ने सेवा:

**कर्जा सेवा:** सामुहिक जमानीमा बिना धितो अधिकतम रु.५ (पाँच) लाखसम्म र धितो जमानीमा अधिकतम रु.१५ (पन्ध्र) लाखसम्म ।

**लघु बचत सेवा:** अनिवार्य बचत न्युनतम मासिक रु.१००।- तथा ऐच्छिक बचत सदस्यको क्षमता अनुसार तथा इच्छा अनुसार ।

**लक्षित वर्ग:** (क) समूहमा आवद्ध विपन्न परिवारको विवाहित महिला वा ३५ बर्ष उमेरपुरा भएको अविवाहित महिला ।

(ख) समूहमा आवद्ध नभएको विपन्न परिवारको सदस्य विवाहित महिला वा ३५ वर्ष उमेर पुगेको अविवाहित महिला ।

**पूँजी:** अधिकृत पूँजी : रु.२० करोड, जारी पूँजी रु.१० करोड तथा चुक्ता पूँजी रु.६ करोड ।

# महिला लघुवित्त वित्तीय संस्था लि.

केन्द्रीय कार्यालय साँगा, काभ्रे ।

## तेस्रो वार्षिक साधारण सभा सम्बन्धी सूचना

(प्रथम पटक सूचना प्रकाशन मितिः २०७७।०९।०३)

यस वित्तीय संस्थाको मिति २०७७ साल पौष २ गते विहिबार बसेको सञ्चालक समितिको २५ औं बैठकको निर्णय अनुसार तेस्रो वार्षिक साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा देहायका विषयहरू उपर छलफल तथा निर्णय गर्न बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरूको जानकारी तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**सभा हुने मिति, समय र स्थान**

मिति : २०७७ पौष २४ गते शुक्रवार

समय : बिहान ११.०० बजे

स्थान : केन्द्रीय कार्यालय साँगा, काभ्रे ।

(विश्वभर फैलिएको कोभिड-१९ महामारी जोखिमका कारण साधारण सभाको भिडियो कन्फ्रेन्स मार्फत सहभागी हुन शेयरधनी महानुभावहरुलाई Zoom ID/Passcode उपलब्ध गराइने व्यवस्था गरिएको छ ।)

**छलफलका विषयहरु**

**क) सामान्य प्रस्ताव**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत गरिने आ.व. २०७६/७७ को सञ्चालक समितिको प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७७ आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व.२०७६/७७ को नाफा नोक्सान हिसाब र नगद प्रवाह विवरण सहितका वित्तीय विवरणहरु पारित गर्ने ।

३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ६३ (२) तथा कम्पनी ऐन २०६३ को दफा १११ (३) अनुसार आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षणको लागि लेखापरिक्षण समितिबाट सिफारिस भई आए बमोजिम लेखापरीक्षकको नियुक्ति गर्ने र निजको पारिश्रामिक तोक्ने । (यस प्रयोजनका लागि वर्तमान लेखापरिक्षक श्री पी.वाइ.सी एण्ड एसोसिएट्स चार्टर्ड एकाउन्टेण्ट्स पुनः नियुक्त हुन सक्नेछन्)

**ख) विशेष प्रस्ताव**

१. वित्तीय संस्थामा कायम रहेको जारी पूँजीको ४० प्रशितले हुन आउने रकम शेयरको प्रारम्भिक सार्वजनिक निष्काशन गर्ने प्रस्ताव पारित गर्ने र सो सम्बन्धि सम्पूर्ण कार्य गर्ने अख्तियारी वित्तीय संस्थाको सञ्चालक समितिलाई प्रदान गर्ने ।

२. उपरोक्त बमोजिम प्रबन्धपत्र तथा नियमावली संशोधन सम्बन्धी साधारण सभाबाट पारित हुने निर्णयमा थपघट, समायोजन वा फेरबदल गर्न नियमनकारी निकायबाट सुझाव वा निर्देशन भए अनुरुप गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

३. यस वित्तीय संस्थाले अन्य कुनै एक वा एकभन्दा बढी "घ" वर्गका इजाजतपत्रप्राप्त लघुवित्त वित्तीय संस्थासँग मर्ज/प्राप्ति गर्न उपयुक्त देखिएमा सो सम्बन्धी आवश्यक सम्पूर्ण कार्य गर्न/गराउन सञ्चालक समिति वा समितिले तोकेको व्यक्तिलाई पूर्ण अख्तियारी प्रदान गर्ने ।

**(ग) विविध**

सञ्चालक समितिको आज्ञाले,

.....................................

कम्पनी सचिव

**तेस्रो वार्षिक साधारण सभा सम्बन्धी सामान्य जानकारी**

१. साधारण सभामा उपस्थित हुनु हुने शेयरधनी महानुभावहरुले अनिवार्य रुपमा आफ्नो परिचय खुल्ने फोटो भएको प्रमाणपत्र वा सोको प्रतिलिपि ल्याउनु पर्ने छ ।

२. साधारण सभामा भाग लिनु हुने प्रत्येक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई त्याहाँ रहेको हाँजिरी पुस्तिकामा दस्तखत गर्नु पर्नेछ । हाजिरी पुस्तिका दिनको १०:०० वजे देखि साधारण सभा सम्पन्न नभएसमम खुल्ला रहनेछ ।

३. साधारण सभामा भाग लिन नसक्ने र प्रतिनिधि नियुक्त गर्न चाहाने शेयरधनी महानुभावहरुले रितपुर्वक प्रोक्सी फाराम भरी सभा हुनु भन्दा ४८ घण्टा अगावै यस वित्तीय संस्थाको केन्द्रीय कार्यालय साँगा, काभ्रेमा दर्ता गराउनु पर्नेछ । प्रतिनिधि यस संस्थाको शेयरधनी हुनु पर्नेछ ।

४. भिडियो कन्फ्रेन्स मार्फत आफ्नो मन्तव्य राख्न चाहने शेयरधनी महानुभावहरुले mlbsl.nepal@gmail.com मा ईमेल गरी वा फोन नं.०१-४४४०९१७ मा सम्पर्क गरी सभा हुनु भन्दा ४८ घण्टा अगावै आफ्नो नाम र ईमेल ठेगाना टिपाउनु पर्नेछ ।

५. शेयरधनी महानुभावहरुले राख्नु भएका प्रश्नहरको सम्बन्धमा सञ्चालक समितिका तर्फवाट सामुहिक रुपले जवाफ दिइने छ ।

६. अन्य जानकारीका लागि वित्तीय संस्थाको केन्द्रीय कार्यालय साँगा, काभ्रेमा कार्यालय समय भित्र सम्पर्क राख्नुहुन अनुरोध गर्दछौं ।

श्री सञ्चालक समिति,
**महिला लघुवित्त वित्तीय संस्था लिमिटेड,**
केन्द्रीय कार्यालय साँगा, काभ्रे ।

**विषय : प्रतिनिधि नियुक्त गर्ने बारे ।**

महाशय,

...................................जिल्ला ................................ न.पा./गा.पा. वडा नं. ..................... बस्ने म/हामी ........

................................. ले त्यस वित्तिय संस्थाको शेयरवालाको हैसियतले २० ....... साल ........ महिना ........ गते .......

बारका दिन हुने साधारण सभामा स्वयं उपस्थित भई छलफल तथा निर्णयमा सहभागी हुन नसक्ने भएकोले उक्त सभामा भाग लिन तथा मतदान गर्नका लागि ................... जिल्ला ......................... न.पा./गा.पा. वडा नं. ....... बस्ने त्यस वित्तिय संस्थाका शेयरवाला श्री ................................ शेयर प्रमाण-पत्र नं./अभौतिकीकरण खाता नं. ..................... लाई मेरो/हाम्रो प्रतिनिधि मनोनित गरी पठाएको छु/छौं ।

| निवेदकको | प्रतिनिधिको |
|---|---|
| दस्तखत : | दस्तखत : |
| नाम : | नामः |
| ठेगाना : | ठेगानाः |
| शेयर प्रमाण-पत्र नं. | शेयर प्रमाण-पत्र नं.: |
| कित्ता नं. ............... देखि ....................सम्म | कित्ता नं. ............... देखि ....................सम्म |
| शेयरधनी नं/हितग्राही (डिम्याट) खाता नं.............. | शेयरधनी नं/हितग्राही (डिम्याट) खाता नं.............. |
| मितिः | |

**द्रष्टब्यः** यो निवेदन साधारणसभा हुनु भन्दा कम्तीमा ४८ घण्टा अगावै वित्तीय संस्थाको सम्बन्धित कार्यालयमा पेश गरिसक्नुपर्ने छ । एकभन्दा बढी प्रतिनिधि (प्रोक्सी)को नाउँ उल्लेख गरेमा प्रतिनिधि (प्रोक्सी) फारम रद्द गरिने छ ।

# वित्तीय संस्थाको प्रगति विवरणको झलक




































# वित्तीय संस्थाबाट सञ्चालन गरिएका विभिन्न कार्यक्रमका फोटाहरु




आ.ब. २०७६/७७ को बजेट तथा कार्यक्रम गोष्ठी



वित्तीय संस्थाका अध्यक्षज्यू र प्रमुख कार्यकारी अधिकृतज्यूबाट शाखा प्रमुख तालिम उद्घाटन




लगानी कर्ता र केन्द्रिय कार्यालयका पदाधिकारीहरू




वित्तीय संस्थाको दोस्रो वार्षिक साधारण सभा



कोभिड-१९ बाट प्रभावितलाई राहत वितरण कार्यक्रम ढल्केवर



माननीय तुलसी थापाज्यूबाट तालिममा सहभागीहरूलाई प्रमाण-पत्र वितरण




सदस्य अन्तरक्रिया, शाखा बाँसगढी




एसबिआई मर्चेण्ट बैंकिङ्ग लि. सँग धितोपत्र निष्काशन सम्झौता

# महिला लघुवित्त वित्तीय संस्था लि.को
# तेस्रो वार्षिक साधारण सभामा
# अध्यक्षज्यूद्वारा प्रस्तुत सञ्चालक समितिको प्रतिवेदन

## आदरणीय शेयरधनी महानुभावहरू :

संस्थागत वित्तीय सेवाको पहुँच बाहिर रहेका बहुसंख्यक सीमान्तकृत विपन्न समुदायको लागि जीविकोपार्जन,आय आर्जन,स्वरोजगार तथा उनिहरुको आर्थिक विकासको लागि प्रभावकारी माध्यमको रुपमा अनुसरण हुँदै आएको लघुवित्तको वर्तमान प्रारुपको कार्यक्रम प्रजातन्त्रको पुर्नस्थापना पछि नेपालमा सुरुवात भएको हो । महिला अधिकार तथा विकास केन्द्र, माछापुछ्रे बैंक लि. र १८ जना व्यक्तिगत संस्थापकहरुको सामुहिक प्रयासमा ग्रामिण तथा शहरी क्षेत्रमा पिछडिएका, कम आयस्तर भएका परिवारलाई लघुवित्त सेवामा सहज पहुँच उपलब्ध गराई ग्रामिण तथा शहरी विपन्न वर्गको आर्थिक-सामाजिक अवस्था सुधार गर्ने उद्दश्यले वि.सं. २०७५ कात्तिक १ गते देखि सञ्चालनमा आई सो अनुसार कार्य गर्दै हाल तेस्रो वार्षिक साधारण सभासम्म आईपुगेको छ। स्थापनाको यस कालखण्डमा हामीलाई विश्वास, सद्भाव र आत्मीय सहयोग गर्नु हुने आदरणीय शेयरधनी महानुभावहरु नियमनकारी निकायका प्रतिनिधिहरु, वाह्य लेखापरीक्षकज्यू, आमन्त्रित अतिथिज्यूहरु, कानूनी सल्लाहाकारज्यू, कर्मचारीवर्ग, पत्रकार, महिला लघुवित्त वित्तीय संस्था लि. को यस तेस्रो वार्षिक साधारण सभामा मेरो व्यक्तिगत तथा सञ्चालक समितिको तर्फबाट हार्दिक स्वागत गर्दछु। अब म प्रचलित कम्पनी ऐन २०६३ मा उल्लेखित व्यवस्था बमोजिम तयार गरिएको सञ्चालक समितिको प्रतिवेदन वित्तीय संस्थाको यस बार्षिक साधारण सभामा यहाँहरु समक्ष प्रस्तुत गर्न चाहान्छु।

## विगत वर्षको कारोबारको सिंहावलोकन :

लघुवित्त बैकिङ व्यवसायमा हाल रहेको अति उच्च प्रतिस्पर्धा तथा विश्वभर महामारीको रुपमा फैलिएको कोभिड-१९ तथा देशमा लागु भएको लामो समयको बन्दाबन्दीको बाबजुद समीक्षा आर्थिक बर्षमा वित्तीय संस्थाको आर्थिक कारोवारको अवस्था उत्साहप्रद रहयो। लगानीमा रहिरहेको कर्जा सापट सन्तोषप्रद रुपमा वृद्धि भएको छ। त्यसैगरि निक्षेप दायित्व सन्तोषजनक रुपमा वृद्धि भएको छ। कर्जा लगानीबाट व्यवसाय विस्तार गर्न विशेष जोड दिएको कारण तिर्न बाँकी कर्जा सापटमा वृद्धि भएको छ। करपछिको नाफामा पनि सन्तोषजनक वृद्धि गर्न वित्तीय संस्था सफल भएको छ। समग्रमा कूल वासलातको आकारमा ३३ प्रतिशत वृद्धि भएको छ। विगत दुई वर्षका प्रमुख परिसूचकहरुको देहायको तुलनात्मक विवरणले वित्तीय संस्थाको आर्थिक कारोवार उत्साहप्रद रहेको देखिन्छ।

| क्र.सं. | विवरण | गत आ.व. (२०७५/७६) | यस आ.व. (२०७६/७७) | वृद्धि | वृद्धि दर |
|---|---|---|---|---|---|
| १ | शेयर पूँजी (रु.) | ६,००,००,०००।- | ६,००,००,०००।- | - | |
| २ | जगेडा तथा कोषहरु (रु) | ९,५२,९१,८६२।- | १२,७८,९३,६२५।- | ३,२६,०१,७६२।- | ३४% |
| ३ | तिर्न बाँकी कर्जा सापट (रु) | ७७,८८,३६,२००।- | १,०१,२३,९८,१७१।- | २३,३५,६१,९७१।- | ३०% |
| ४ | निक्षेप दायित्व (रु) | ४८,०२,८८,९२९।- | ६६,०५,५५,९७३।- | १८,०२,६७,०४४।- | ३८% |
| ५ | कर्जा सापट (रु.) | १,३२,८१,४३,३०३।- | १,७३,८२,६२,७७६।- | ४१,०१,१९,४७३।- | ३०% |
| ६ | खूद मुनाफा (रु.) | २,४२,३६,११९।- | ३,४७,१३,४९२।- | १,०४,७७,३७३।- | ४३% |
| ७ | असुलीदर (प्रतिशत) | ९९.३८ | ९९.५२ | ०.१४ | ०.१४% |
| ८ | वासलातको आकार (रु.) | १,४२,७०,८९,१४२।- | १,८९,२५,३५,७२९।- | ४६,५४,४६,५८७।- | ३३% |

## राष्ट्रिय तथा अन्तर्राष्ट्रिय परिस्थितिबाट वित्तीय संस्थाको कारोबारलाई पारेको असर :

आर्थिक वर्ष २०७६/७७ को फागुन मसान्तसम्म अनुकूल मौसम, स्थिर सरकार, लगानीको अनुकूल वातावरण, ऊर्जाको उपलब्धता लगायत आपूर्ति व्यवस्था संतोषजनक रहेको भएता पनि २०७६ चैत्र महिनाबाट विश्वमा महामारीको रुपमा फैलिएको कोभिड-१९ र सोको जोखिम न्यूनिकरणको लागि नेपाल सरकार तथा स्थानीय सरकारहरुले घोषणा गरेको लामो अवधिको बन्दाबन्दीको कारण मुलुकको समग्र आर्थिक गतिबिधी प्राय ठप्प रहयो। जसको कारण वित्तीय संस्थाका ग्राहक सदस्यहरुले तोकिएको समयमा कर्जाको सावा तथा ब्याज भुक्तान गर्न नसकि भाका नाघेको कर्जा र कर्जा जोखिम व्यवस्था खर्च उच्च वृद्धि हुन गयो। आर्थिक वर्ष २०७६/७७ को अन्त्य तिर बन्दाबन्दी केहि खुकुलो भएता पनि कोभिड-१९ को संक्रमण फैलने क्रम तीव्र रहेकोले कार्य क्षेत्रमा

निर्धक्कसँग कार्यक्रम सञ्चालन गर्ने चुनौती रहेको र अर्को तर्फ लघुवित्त संस्थाहरु बीच तीब्र अस्वस्थ प्रतिस्पर्धा बढेर कर्जाको गुणस्तर कायम गर्न तथा व्यवसाय विस्तारमा ठूलो चुनौती थपिएको छ। यसले समग्रमा लगानी वृद्धि, कर्जाको गुणस्तर वृद्धि तथा नाफामा समेत असर पर्न गएको छ।

## प्रतिवेदन तयार भएको मितिसम्म चालु वर्षको उपलब्धि र भविष्यमा चाल्नु पर्ने कदमको बारेमा सञ्चालक समितिको धारणाः

असहज परिस्थितिका बाबजुद पनि आर्थिक बर्ष २०७६।७७ मा वित्तीय संस्थाले ३ वटा नयाँ शाखा कार्यालय स्थापना गरी कार्यक्रम सञ्चालन गरिएको छ। आर्थिक बर्ष २०७७/७८ को मंसिर मसान्तसम्म ३० वटा जिल्लाका २१० वटा पालिकाहरुमा ५६ वटा शाखा कार्यालय मार्फत ४९ हजार १ सय ६९ जना सदस्यलाई लघुवित्त कार्यक्रममा आवद्ध गरेको छ। २०७७ पौष १ गतेबाट २ वटा नयाँ शाखा गरी ५८ शाखा सञ्चालनमा छन्।

आ.व. २०७७/७८ मा २२ हजार १ सय ६२ जना सदस्य वृद्धि गरी आ.व.को अन्तसम्म बाँकी सदस्य ६५ हजार ५ सय ७ पुऱ्याउने, लगानीमा रहिरहेको कर्जा रु.१ अरव २८ करोड ९४ लाख ३ हजार वृद्धि गरी रु.३ अरव ५ करोड ४१ लाख ७९ हजार पुऱ्याउने तथा बचत परिचालन तर्फ रु.२४ करोड ८३ लाख ७२ हजारले वृद्धि गरी रु. ९५ करोड ५ लाख १ हजार पुऱ्याउन लक्ष्य लिइएको छ।

आ.व. २०७७/७८ को मंसिर मसान्तसम्म वित्तीय संस्थाको मुख्य वित्तीय अवस्था यस प्रकार रहेको छ।

| क्र.सं. | विवरण | २०७७ मंसिर मसान्तसम्म अवस्था |
|---|---|---|
| १. | ग्राहक सदस्य संख्या | ४९,१६९ |
| २. | बाँकी निक्षेप (रु.) | ७६,६३,३८,५२९/- |
| ३. | लगानीमा रहिरहेको कर्जा (रु.) | २,६५,३२,०७,४२७/- |
| ४. | आम्दानी (रु.) | १७,५०,८७,८७०/- |
| ५. | खर्च (रु.) | १४,४१,३१,०१३/- |
| ६. | कुल नाफा (रु.) | ३,०९,५६,८५७/- |

चालू आर्थिक वर्षमा अन्य लघुवित्त संस्थाको उपस्थिती नभएका हाल कार्यक्रम विस्तार भएका जिल्लाहरुमा तथा थप जिल्लाका उपयुक्त स्थानहरुमा सम्भाव्यता अध्ययन गरी शाखा कार्यालय स्थापना गरी कार्यक्रम विस्तार गर्ने, कोभिड-१९ को प्रभावका कारण खस्किएको केन्द्र बैठक व्यवस्थापन सुधार गर्ने, असुल गर्न बाँकी कर्जाको साँवा तथा ब्याज असुल गर्ने, ग्राहक सदस्यको क्षमता तथा आवश्यकता आदिको प्रयाप्त विश्लेषण गरेर गुणस्तरीय कर्जा लगानी गर्दै कर्जा कारोवार वृद्धि गर्ने, बचत वृद्धिमा विशेष जोड दिने तथा कर्जा सेवालाई समय सापेक्ष बनाउँदै लैजाने लक्ष्य लिइएको छ।

## कार्यक्षेत्र र शाखा कार्यालयहरू :

यस वित्तीय संस्थाको कार्यक्षेत्र राष्ट्रिय स्तरको रहेको र आर्थिक बर्ष २०७६/७७ को अन्त्यसम्म काठमाडौं जिल्लामा हात्तिगौंडा, डिल्लीबजार, किर्तीपुर, बालाजु, जोरपाटी, थानकोट, जडीबुटी, जरसिंहपौवा गरी ८ वटा, ललितपुर जिल्लामा चापागाउँ १ वटा, भक्तपुर जिल्लामा कमलविनायक १ वटा, काभ्रेपलाञ्चोक जिल्लामा साँगा १ वटा, धादिङ्ग जिल्लामा सुनौलाबजार १ वटा, नुवाकोट जिल्लामा ढिकुरे १ वटा, लमजुङ्ग जिल्लामा भोटेवडार १ वटा, तनहु जिल्लामा देबघाट १ वटा, गोरखा जिल्लामा पालुङ्गटार १ वटा, मोरङ्ग जिल्लामा टंकिसीनवारी र करसीया गरी २ वटा, सुनसरी जिल्लामा भोक्राहा १ वटा, सप्तरी जिल्लामा कञ्चनपुर १ वटा, सिरहा जिल्लामा लहान र सिरहा गरी २ वटा, धनुषा जिल्लामा जनकपुर, ढल्केवर र नगराइन गरी ३ वटा, महोत्तरी जिल्लामा जलेश्वर १ वटा, सर्लाही जिल्लामा हरीवन १ वटा, रौतहट जिल्लामा चन्द्रपुर १ वटा, बारा जिल्लामा सिमरा र कलैया गरी २ वटा, पर्सा जिल्लामा वीरगञ्ज १ वटा, मकवानपुर जिल्लामा हेटौंडा १ वटा, चितवन जिल्लामा टाँडी र गितानगर गरी २ वटा, नवलपरासी जिल्लामा बर्दघाट १ वटा, रुपन्देही जिल्लामा बुटवल, बेथरी र धकधई गरि ३ वटा, कपिलबस्तु जिल्लामा पकडी र प्रेमनगर गरी २ वटा, दाङ्ग जिल्लामा श्रीगाउँ १ वटा, सुर्खेत जिल्लामा विरेन्द्रनगर र बावियाचौर गरि २ वटा, बाँके जिल्लामा कोहलपुर र नेपालगञ्ज गरी २ वटा, बर्दिया जिल्लामा गुलरीया र बाँसगढी गरी २ वटा, कैलाली जिल्लामा लम्की, सुखड, अत्तरीया, धनगढी, राजिपुर, हँसुलीया र भजनी गरी ७ वटा तथा कञ्चनपुर जिलामा महेन्द्रनगर र वेलौरी गरी २ वटा सहित जम्मा ३० जिल्लामा ५६ वटा शाखा कार्यालयहरु स्थापना गरेर कारोवार सञ्चालन गरिरहेको छ।

## सञ्चालक समितिमा भएको हेरफेर र सोको कारण

प्रचलित बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन र कम्पनी ऐनको परिधि भित्र रही संस्थाको नीतिगत निर्णयमा उच्च निकायको भूमिका निर्वाह गर्ने, संस्थालाई आवश्यक सबै नीति नियमहरु निर्माण तथा अनुगमन गर्ने, संस्थाका प्रमुख सूचकहरुको अनुगमन गरी व्यवस्थापनलाई आवश्यक निर्देशन जारी गर्ने, संस्थाको व्यवसायीक योजना (Business Plan) तथा बार्षिक बजेट तथा कार्यक्रम स्वीकृत गर्ने लगायतका कार्यहरुमा सञ्चालक समितिको प्रमुख भूमिका रहेको हुन्छ । यस वित्तीय संस्थामा श्री तारा कुंवरको अध्यक्षतामा ५ सदस्यीय सञ्चालक समिति रहेको छ । संस्थापक समूहको तर्फवाट सञ्चालक समितिमा माछापुच्छ्रे बैंक लिमिटेटबाट सञ्चालकमा श्री कुमार ज्ञावाली र वैकल्पिक सञ्चालकमा श्री आमोद श्रेष्ठले प्रतिनिधित्व गरिरहनु भएकोमा उक्त बैंकको सञ्चालक समितिको मिति २०७७/०८/१२ को निर्णयानुसार सञ्चालकमा श्री सुभाष जमरकट्टेल र वैकल्पिक सञ्चालकमा श्री सागर विष्टलाई मनोनयन गरी पठाएकोले यस वित्तीय संस्थाको मिति २०७७/०९/०२ गतेको सञ्चालक समितिको बैठकबाट उहाँहरुलाई सञ्चालकमा नियुक्त गरिएको व्यहोरा जानकारी गराउँदछौं । सञ्चालक श्री सुभाष जमरकट्टेल र वैकल्पिक सञ्चालक श्री सागर विष्टलाई यस साधारण सभामा हार्दिक स्वागत गर्दछौं । साथै, श्री कुमार ज्ञावाली र श्री आमोद श्रेष्ठले सञ्चालकको हैसियतले यस वित्तीय संस्थाको उन्नति प्रगतिमा पुऱ्याउनु भएको योगदानको कदर गर्दै उहाँहरु प्रति धन्यवाद दिन चाहान्छौं ।

## प्रमुख कार्यकारी अधिकृत

वित्तीय संस्थाको प्रमुख कार्यकारी अधिकृत पदमा श्री कृष्ण प्रसाद न्यौपाने रहनु भएको छ ।

## कारोबारलाई असर पार्ने मुख्य कुराहरू

यस वित्तीय संस्थाको कारोबारलाई असर पार्ने मुख्य कुराहरु यस प्रकार छन् ।

- कोभिड-१९ को संक्रमण जोखिम उच्च रहेकोले वित्तीय संस्थाका गतिबिधीहरु निर्धक्कसँग गर्न नसकिने अवस्था रहेको ।
- लघुवित्त वित्तीय संस्थाका शाखा कार्यालयहरु साथै व्यवसाय विस्तार नीतिले जताततै कार्यक्षेत्र विस्तार गरिरहेका कारण लघुवित्त संस्थाहरु बिच तीब्र अस्वस्थ प्रतिस्पर्धा बढेर व्यवसाय विस्तारमा आएको चुनौती ।
- सदस्य दोहोरोपनाका कारण ग्राहकबाट भइरहेको बहुबैकिङ्ग कारोबारबाट उत्पन्न हुने जोखिमहरु ।
- राष्ट्रिय, अन्तराष्ट्रिय स्तरमा अर्थतन्त्रमा देखिने आर्थिक, मौद्रिक लगायतका नीतिगत परिवर्तनले हुने जोखिमहरु ।
- बढ्दो Employee Turn Over अनुभवी र दक्ष कर्मचारीको अभावबाट पर्न सक्ने असरहरु ।
- प्रभावकारी कर्जा सूचना केन्द्रको कमजोरी ।
- नियमनकारी निकायको छिटो छिटो नीतिगत परिवर्तनका कारण श्रृजना हुने जोखिमहरु ।
- पूँजी बजारमा आउन सक्ने उतारचढावबाट हुन सक्ने जोखिममहरु ।

## लेखापरीक्षण प्रतिवेदन र सञ्चालक समितिको प्रतिक्रियाः

श्री पि.वाई.सि. एण्ड एसोसियट्स, चार्टड एकाउन्टेन्टस्, काठमाडौंले यस वित्तीय संस्थाको आ.ब. २०७६/७७ को लेखापरीक्षण गरेको छ । कार्य सञ्चालनमा हुने सामान्य कैफियतमा दिइएका सुझाव बाहेक निजले पेस गरेको लेखापरीक्षण प्रतिवेदनमा कुनै नकारात्मक कुरा उल्लेख छैनन् । लेखापरीक्षकबाट प्रतिवेदनमा दिइएका सुझावहरु कार्यान्वयन गरिरहेका छौं ।

## लाभांश बाँडफाँड :

आर्थिक बर्ष २०७६/७७ मा यस वित्तीय संस्थाले सर्वसाधारणको लागि शेयरको प्रारम्भिक निष्काशन गरी नसकेकोले लाभांशको लागि कुनै रकम छुट्याइएको छैन ।

## पूँजी संरचना :

हाल वित्तीय संस्थाको अधिकृत पूँजी २० करोड, जारी पूँजी १० करोड तथा चुक्ता पूँजी रु.६ करोड मात्र रहेको छ । आर्थिक बर्ष २०७७/७८ मा सर्वसाधारणको लागि छुट्याईएको जारी पूँजीको ४० प्रतिशतले हुने शेयरको (संस्थामा कार्यरत कर्मचारी तथा सामुहिक लगानी कोष समेत) प्रारम्भिक निष्कासन प्रकृयाका लागि वित्तीय संस्थाको Issuer Rating कार्य ICRA Nepal

Limited "[ICRANP-IR]BB" बाट सम्पन्न गरी शेयरको प्रारम्भिक निष्कासनका लागि बिक्री प्रबन्धकमा नेपाल एसबिआई क्यापिटल मर्चेण्ट बैंकिङ्ग लिमिटेडसँग सम्झौता गरी स्वीकृतिको लागि नेपाल धितोपत्र बोर्डमा दर्ता भई अन्तिम प्रक्रियामा रहेको जानकारी गराउँदछौं ।

## आन्तरिक नियन्त्रण प्रणाली :

लघुवित्त कार्यक्रमको सञ्चालनमा रहेका जोखिमहरुको व्यवस्थापन र नियन्त्रणको लागि चाहिने कार्यविधिहरु र नीति नियमहरु तयार गरी कार्यान्वयन गरेका छौं । लघुवित्तको उद्देश्य परिपूर्ति गर्न र सञ्चालन तथा वित्तीय जोखिमहरु बहन गर्नुपर्ने आवश्यकतालाई मनन गर्दै जोखिमका दुष्प्रभावहरुलाई न्यूनिकरण गर्नेतर्फ हामी सदैव अग्रसर रहेका छौं । यसको लागि नीतिगत तहमा सञ्चालक डा. इमानसिंह गुरुङ्गको संयोजकत्वमा जोखिम व्यवस्थापन समिति कार्यरत रहेको छ। सो समितिमा लेखापरीक्षण समितिका संयोजक श्री सुभाष जमरकट्टेल पदेन सदस्य हुनुहुन्छ भने कर्जा, सञ्चालन तथा निरीक्षण विभागका प्रमुख, श्री इश्वर बहादुर रोका सदस्य सचिवका रुपमा कार्य गरिरहनु भएको छ । यस समितिले संभावित जोखिमका क्षेत्र पहिचान गर्ने, सो सम्बन्धी नीति निर्देशनहरु तयार गरी समितिमा पेस गर्ने र सोको कार्यान्वयनबारे समीक्षा गर्ने गर्दछ । यस समितिको बैठक हरेक तीन महिनामा जोखिम व्यवस्थापन तथा न्यूनिकरणको लागि सञ्चालक समिति मार्फत व्यवस्थापनलाई राय दिने गरिआएको छ ।

आन्तरिक नियन्त्रण प्रभावकारी बनाउन आर्थिक प्रशासन विनियमावली, कर्मचारी सेवा विनियमावली, लघुवित्त कार्यक्रम सञ्चालन बिधि, कर्जा अपलेखन विनियमावली लगायत नीति, नियम, परिपत्रहरु तयार गरी कार्यान्वयन गरिएको छ । सोलाई प्रभावकारी कार्यान्वयन गर्न केन्द्रीय कार्यालयमा ६ वटा विभागहरु र अनुगमन कार्यलाई प्रभावकारी वनाउन डिल्लीबजार काठमाडौं, टाँडी चितवन, नेपालगञ्ज बाके, अत्तरीया कैलाली र लहान सिरहामा सुपरिवेक्षण तथा निरीक्षण कार्यालयहरु स्थापना गरिएको छ।

## लेखापरीक्षण समितिका सदस्यहरूको नामावली निजहरूले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारबाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सोको विवरण :

नेपाल राष्ट्र बैंकबाट जारी निर्देशन तथा कम्पनी ऐनका प्रावधानहरुका अधिनमा रही लेखापरीक्षण समितिको गठन गरी कार्य गरिरहेको छ। हाल लेखापरीक्षण समितिमा सञ्चालक श्री सुभाष जमरकट्टेल संयोजक, जोखिम व्यवस्थापन समितिका संयोजक डा. इमान सिंह गुरुङ्ग सदस्य तथा आन्तरिक लेखापरीक्षण विभाग प्रमुख प्रमुख श्री बल बहादुर राना सदस्यसचिव सहितको लेखापरीक्षण समिति कार्यरत रहेको छ । यस समितिले आन्तरिक र बाह्य लेखापरीक्षण प्रतिवेदनहरु तथा सुपरिवेक्षकीय प्रतिवेदनहरुको कार्यान्वयन, सुधारको समीक्षा र आवश्यक सुझाव सहित सञ्चालक समितिमा हरेक ३-३ महिनामा प्रतिवेदन पेस गर्ने, सोका आधारमा सञ्चालक समितिले व्यवस्थापनलाई आवश्यक निर्देशन दिने गरेको छ ।

लेखापरीक्षण समितिको वैठक समीक्षा वर्षमा ६ पटक बसेको र समितिका पदाधिकारीलाई बैठक भत्ता बापत जम्मा रु.२१,०००।- मात्र उपलब्ध गराइएको छ ।

## मानव संशाधन व्यवस्थापन तथा तालिम :

मानव संशाधनको प्रभावकारी व्यवस्थापनबाट मात्र वित्तीय संस्थाको लक्षित उद्देश्य हासिल हुने र ग्राहकहरुलाई उत्कृष्ट सेवा दिन सकिने भएकोले सक्षम मानव संशाधन विकास गर्नको लागि कर्मचारीको तालिम र वृत्ति विकासमा विशेष ध्यान दिने गरिएको छ । वित्तीय संस्थामा समीक्षा आर्थिक वर्षको समीक्षा अवधिमा विभिन्न तहमा २४१ जना कर्मचारी कार्यरत रहेका छन् । कर्मचारीको वृत्ति विकास र क्षमता अभिवृद्धिको लागि कर्जा व्यवस्थापन, लघुउद्यम कर्जा व्यवस्थापन, लघुवित्तका आधारभूत सिद्धान्त र सञ्चालन तथा व्यवस्थापन, प्रशिक्षक प्रशिक्षण, लेखा तथा अभिलेख व्यवस्थापन, कर व्यवस्थापन, प्रतिवेदन तयारी, भाका नाघेको कर्जा व्यवस्थापन, केन्द्र व्यवस्थापन, आन्तरिक लेखापरिक्षण, शाखा व्यवस्थापन तालिम गरी विभिन्न तालिममा ९५ जना कर्मचारीहरुलाई पेशागत सीप विकासका लागि तालिम प्रदान गरिएको छ । साथै, आरएमडिसी लघुवित्त वित्तीय संस्था लिमिटेडबाट मिति २०७६ भाद्र २९ गते देखि मिति २०७६ असोज ५ गतेसम्म आयोजना गरिएको फिलिपिन्सका लघुवित्त संस्थाहरुको अध्ययन अवलोकन भ्रमणमा यस वित्तीय संस्थाका प्रबन्धक श्री बल बहादुर रानालाई सहभागी गराईएको छ । पुराना र दक्ष कर्मचारी संस्थामा टिकाइ राख्न खुला प्रतियोगिताबाट पद पुर्ती गर्दा तोकिएको शैक्षिक योग्यता तथा अनुभव हासिल गरेका कर्मचारीहरुलाई प्राथमिकता दिएर उत्प्रेरणा दिने गरिएको छ । समीक्षा आर्थिक वर्षमा वरिष्ठ अधिकृत पदमा १ जना, सहायक अधिकृत पदमा १ जना र वरिष्ठ सहायक पदमा

१ जना कर्मचारीहरुलाई माथिल्लो पदमा खुला प्रतियोगिताको माध्यमबाट पदस्थापन गरिएको छ । त्यसै गरी सहायक अधिकृतमा १ जना कर्मचारीलाई कायम मुकाय मुकरर गरिएको छ ।

सञ्चालक समितिका सदस्यको संयोजकत्वमा गठित कर्मचारी सेवा सुविधा समितिमा सञ्चालक श्री इन्दु कुमारी कार्की संयोजक, प्रमुख कार्यकारी अधिकृत श्री कृष्ण प्रसाद न्यौपाने पदेन सदस्य, वित्त तथा लेखा विभागका प्रमुख श्री हरी प्रसाद गौतम सदस्य र जनशक्ति व्यवस्थापन विभागका प्रमुख श्री बुद्धि सागर न्यौपाने सदस्य सचिव रहनु भएको थियो । समीक्षा अवधिमा कर्मचारी सेवा सुविधा समितिको बैठक १ पटक बसेको छ ।

## सूचना र प्रविधि :

कारोवारको लेखाङ्कन तथा अभिलेखलाई आधुनिकीकरण गर्न संस्थाले कारोवार शुरु गरेको आर्थिक वर्ष २०७५/७६ देखि नै सफ्टवेयर निर्माता कम्पनी “सिनर्जी टेक सफ्टवेयर प्रा.लि.” बाट निर्मित एमफिन सफ्टवेयर खरिद गरी सम्पूर्ण कार्यालयहरुमा केन्द्रीकृत (Centralized) सर्भरमा आधारित अनलाइन प्रविधि प्रयोग गरिरहेको छ । सफ्टवेयर डाटाको सुरक्षाको लागि Cloud Himalaya बाट सर्भरको सञ्चालन गरि सफ्टवेयर सञ्चालन गरिएको छ । सोको प्रभावकारी कार्यका लागि सूचना प्रविधि विभागको स्थापना गरी कार्य गरिएको छ । सोहि अनुरुप सो सफ्टवेयरको अपग्रेड र कर्मचारीहरुको क्षमता अभिवृद्धि गर्दै लगिने नीति रहेको छ । कर्मचारीहरुको तलव तथा भत्ता केन्द्रीय कार्यालयबाट वितरण गरी सम्बन्धित शाखा कार्यालयमा खर्च लेख्ने व्यवस्था मिलाईएको छ । आगामी दिनमा Mobile Tablet Banking प्रविधिका थप उपकरण प्रयोगमा ल्याई संस्थालाई आधुनिकिरण प्रयास गरिने छ । साथै H.R. Software प्रविधि शुरु गरिने छ ।

## विगत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चहरूको विवरण :

वित्तीय संस्थाले विभिन्न बैंक तथा वित्तीय संस्थाबाट लिएको कर्जा र ग्राहक सदस्यहरुको बचतमा दिएको व्याज खर्च गत आर्थिक बर्ष २०७५/७६ मा रु.७ करोड ८५ लाख ३२ हजार ८ सय ४५ रहेकोमा यस आर्थिक वर्ष २०७६/७७ मा ८१ प्रतिशतले वृद्धि भई १४ करोड २१ लाख १२ हजार ६ सय ४७ खर्च भएको छ । कारोवार वृद्धि अनुसार कर्जा सापट तथा बचतमा वृद्धि भएकोले ब्याज खर्च पनि वृद्धि भएको छ ।

त्यसै गरि आर्थिक बर्ष २०७५/७६ मा कर्मचारी खर्च रु.४ करोड ३६ लाख १९ हजार ४ सय ६५ भएकोमा यस आर्थिक बर्ष २०७६/७७ मा ४४ प्रतिशतले बृद्ध भई रु.७ करोड ८३ लाख ९० हजार ६ सय ७८ हुन गएको छ भने अन्य सञ्चालन खर्च आर्थिक बर्ष २०७५/७६ मा रु.१ करोड ७६ लाख २२ हजार ३ सय ६४ भएकोमा यस आर्थिक वर्ष २०७६/७७ मा २१ प्रतिशतले वृद्धि भई रु.२ करोड १२ लाख ३५ हजार ३ सय ४५ खर्च हुन गएको छ । त्यस्तै संभावित नोक्सानी व्यवस्थामा आर्थिक बर्ष २०७५/७६ मा रु.१ करोड ३८ लाख ८ हजार २ सय ५९ खर्च लेखिएकोमा यस आर्थिक बर्ष २०७६/७७ मा सोमा १९४ प्रतिशले वृद्धि भई रु.४ करोड ६ लाख ५ हजार ४ सय १५ खर्च हुन गएको छ । समीक्षा अवधिमा कार्यक्रम विस्तारसँगै कर्मचारी संख्यामा पनि वृद्धि भएकोले कर्मचारी खर्च वृद्धि भएको छ । कर्जा लगानीमा वृद्धि भएको तथा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम कोभिड १९ को कारण साँवा तथा ब्याज असुल नभएका कर्जामा ५ प्रतिशत र साँवा असुल नभई ब्याज मात्र असुल भएका कर्जामा २ प्रतिशत कर्जा नोक्सानी व्यवस्था गर्नु पर्ने भएकोले सम्भावित नोक्सानी व्यवस्था वृद्धि भएको छ ।

## अन्य गतिविधिहरू :

## संस्थागत सामाजिक उत्तरदायित्व सम्बन्धी कार्यहरूः

लघुवित्त कार्यक्रमको प्रमुख उद्देश्यहरुमा दिगोपनाको लागि नाफा आर्जन, समाजको सामाजिक तथा आर्थिक रुपान्तरण र वातावण संरक्षण तथा सुधार रहेको छ । यसैले महिला लघुवित्त वित्तीय संस्था लि. ले मुनाफा आर्जनका अतिरिक्त आफ्नो सामाजिक उत्तरदायित्व प्रति सचेत रही सामाजिक सेवामा योगदान पुऱ्याउँदै आएको छ । यसको लागि आर्थिक वर्ष २०७५/७६ को मुनाफाको १% ले हुने रकम रु.२ लाख ४२ हजार ३ सय ६१ छुट्टयाको र यस कोषबाट सामाजिक कार्यहरुमा खर्च गर्ने गरिएको छ । समीक्षा आर्थिक बर्षमा कैलाली जिल्लाको धनगढी, सुखड र अत्तरीया, कञ्चनपुर जिल्लाको महेन्द्रनगर, चितवन जिल्लाको टाँडी, धनुषा जिल्लाको ढल्केबर र नगराईन, बर्दिया जिल्लाको गुलरीया, सर्लाही जिल्लाको हरीवन, बारा जिल्लाको सिमरा, रौतहट जिल्लाको चन्द्रपुर, तनहु जिल्लाको देवघाट, मकवानपुर जिल्लाको हेटौडा, बाँके जिल्लाको नेपालगञ्ज र कोहलपुर गरी जम्मा १६ स्थानका

कोभिड-१९ र बन्दाबन्दीको कारण रोजगारी गुमाएका ५९३ परिवारलाई रु. २ लाख ४२ हजार ३ सय ६१ बरावरको खाद्य सामग्री वितरण गरिएको छ। समीक्षा आर्थिक बर्षको मुनाफाबाट पनि सामाजिक संस्थागत उत्तरदायित्व कोषमा खूद मुनाफाको १ प्रतिशतले हुने रकम रु.३ लाख ४७ हजार १ सय ३५ छुट्याएको छ।

## ग्राहक संरक्षण सम्बन्धी कार्यहरू :

हरेक वित्तीय संस्थाको सफलताको आधार भनेको यसको सेवा प्रति सन्तुष्ट ग्राहक नै हुन्। आफ्ना ग्राहक सदस्यहरु संस्थासँग आवद्ध गराइराख्न उनीहरुको संरक्षण र विकासमा ध्यान दिनु आवश्यक हुन्छ। यसबाट नै संस्थाको दीगोपना र विकासको आधार बन्छ। यस वित्तीय संस्थाले आफ्ना ग्राहकहरुको संरक्षण र विकासका लागि जीवन तथा आवास सुरक्षण योजना कोष तथा कर्जा सुरक्षण कोषमा बाँकी रहेको रु. २ करोड ९९ लाख ३९ हजार ७ सय ८५ बाट वाट ग्राहक संरक्षण कोष खडा गरि आर्थिक वर्ष २०७५/७६ को खूद मुनाफाको १% ले हुने रकम रु. २ लाख ४२ हजार ३ सय ६१ समेत सोहि कोष जम्मा गरिएको छ। उक्त कोषबाट आर्थिक बर्ष २०७६/७७ मा सदस्यको मृत्यु, सदस्यका श्रीमानको मृत्यु, आगलागी तथा हावाहुरीबाट सदस्यको स्ववासी घर क्षति, सुत्केरी स्याहार र सदस्य तालिम गोष्ठी वापत आर्थिक बर्ष २०७६/७७ मा जम्मा रु.२१,३७,०९३।- खर्च गरिएको छ। ग्राहक संरक्षण कोषमा रहेको रकम नेपाल एसविआई बैंक लि. मा मुद्धती निक्षेप खाता खोली जम्मा गरिएको र उक्त खाताबाट प्राप्त ब्याज समेत सोहि कोषमा जम्मा गर्ने गरिएको छ। समीक्षा अवधि आर्थिक बर्षको खुद मुनाफाको १ प्रतिशतले हुने रकम रु. ३ लाख ४७ हजार १ सय ३५ ग्राहक संरक्षण कोषको लागि छुट्याएको छ। आर्थिक वर्ष २०७७/७८ मा पनि उक्त रकमबाट ग्राहक संरक्षण कोष निर्देशिका अनुसार ग्राहक सदस्यहरुको सामुहिक हित, समस्यामा परेका ऋणीहरुको सुरक्षण, उनीहरुको शिक्षा र क्षमता विकास, सिप विकास लगायतका कार्यहरुको लागि खर्च गरिने छ।

## संस्था विकास कोष :

आर्थिक वर्ष २०७५/७६ को खूद मुनाफाको ०.५% ले हुने रकम रु. १ लाख २१ हजार १ सय ८१ संस्था विकास कोषको लागि छुट्याएको थियो। समीक्षा अवधिमा यस कोषबाट कुनै खर्च भएको छैन। आर्थिक बर्ष २०७६/७७ को खुद मुनाफाबाट समेत रु.१ लाख ७३ हजार ५ सय ६७ छुट्टयाइएकोले समीक्षा अवधिसम्म यस कोषमा जम्मा रु.२ लाख ९४ हजार ७ सय ४८ बाँकी रहेको छ। उक्त रकमबाट भविश्यमा संस्था विकासको लागि भैपरी आउने कार्यहरुको लागि खर्च गरिने छ।

## बीमा कार्यक्रम:

सदस्यले कर्जा लिएपछि निजको मृत्यु भएमा वा अशक्त भएमा त्यस पश्चात पनि निजको परिवार ऋणको भारमा रहिरहनु पर्ने अवस्थाबाट मुक्ति दिन कर्जा बीमा कार्यक्रम र कर्जा लिएका वा नलिएका सदस्य तथा नीजको पतिको मृत्युमा राहत उपलब्ध गराउने उद्देश्यले आर्थिक बर्ष २०७६/७७ देखि म्यादी जीवन बिमा कार्यक्रम सुरुवात गरिएको छ। यस कार्यक्रमले वित्तीय संस्थाको कर्जा चुक्ता हुने मितिसम्म रक्षावरण गर्दछ। कर्जा लिएको सदस्य बिरामी वा दूर्घटनाका कारणले मृत्यु भएमा वा स्थायी वा पूर्ण अशक्त भएमा वित्तीय संस्थाबाट लिएको पुरै कर्जा बराबरको रकम बिमा कम्पनीबाट प्राप्त हुने र वित्तीय संस्थालाई बुझाउन बाँकी रकम कट्टा गरी बाँकी कर्जा भन्दा बढी भएको रकम सदस्यको परिवारलाई फिर्ता गर्ने तथा काज किरियाको लागि थप रकम प्राप्त हुने गरी सदस्यको हितको लागि रिलायवल जीवन बिमा कम्पनीसँग भएको सौझौतालाई निरन्तरता दिएको छ। कर्जा जोखिम न्यूनिकरणको लागि निक्षेप तथा कर्जा सुरक्षण कोषसँग सम्झौता गर्ने योजना छ।

## कम्पनीको औद्योगिक वा व्यवसायीक सम्बन्ध :

यस वित्तीय संस्थाले नियमनकारी निकायहरु नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्टारको कार्यालय, नेपाल धितो पत्र बोर्ड, नेपाल स्टक एक्स्चेन्ज, आन्तरिक राजश्व कार्यालय, नेपाल लघुवित्त बैंकर्स संघ तथा विभिन्न अन्तरराष्ट्रिय संघ संस्था लगायत अन्य निकायहरुसँग सुमधुर सम्बन्ध राख्दै आएको छ। भविश्यमा राष्ट्रिय तथा अन्तरराष्ट्रिय संघ संस्थासँगको सम्बन्ध थप सुमधुर कायम गर्न प्रयत्नशील रहने छ।

## राजश्वमा योगदान:

समीक्षा आ.ब.मा यस वित्तीय संस्थाबाट नेपाल सरकार, आन्तरिक राजश्व कार्यालयमा संस्थागत आयकर (Corporate Tax) वापत रु.१ करोड ६२ लाख ७९ हजार ६ सय १, कर्मचारीहरुको पारिश्रमिक आयकर वापत रु.१० लाख २० हजार ८०, ग्राहक सदस्यको

निक्षेपमा प्रदान गरेको व्याजमा कर वापत रु.२२ लाख ६१ हजार ८ सय ८८, केन्द्रीय कार्यालय लगायत शाखा कार्यालयहरुबाट भुक्तानी गरिएको घर बहालमा कर वापत रु.८ लाख ८६ हजार १ सय ८ तथा अन्य कर वापत रु.८० हजार २ गरी जम्मा **रू.२ करोड ५ लाख २७ हजार ६ सय ७९ योगदान गरिएको छ ।**

## सूचनाको व्यवस्थाः

संस्थाले शेयरधनीहरुसँग सूचना आदन प्रदान गर्ने कार्यलाई उच्च प्राथमिकता दिएको छ । वार्षिक साधारण सभामा शेयरधनी महानुभावहरुसँगको प्रत्यक्ष संवादको माध्यमबाट मार्ग निर्देशन प्राप्त गर्ने गरेको छ । संस्थाको वार्षिक प्रतिवेदन, त्रैमासिक प्रतिवेदन लगायत अन्य जानकारीहरु विभिन्न सञ्चार माध्यम, पत्र पत्रिका एवम् संस्थाको वेव साइड www.mlbsl.com.np मार्फत उपलब्ध गराउने गरिएको छ । साथै, सूचनाको हक सम्बन्धी ऐन, २०६४ दफा ५ को उपदफा ३ बमोजिमका विवरणहरु प्रत्येक त्रैमासको अन्त्यमा राष्ट्रियस्तरको पत्रिका मार्फत सार्वजनिक गर्ने गरिएको छ ।

## अन्त्यमाः

हामीलाई निरन्तर मार्गदर्शन, सहयोग र प्रोत्साहन गरी वित्तीय संस्थाको काम कारबाही सञ्चालन गर्न हौसला प्रदान गर्ने सबै शेयरधनी संस्था र महानुभावहरु प्रति कृतज्ञता व्यक्त गर्दछु । वित्तीय संस्थाको कार्य सञ्चालनमा निरन्तर मार्गदर्शन र निर्देशन दिई सहयोग गर्ने नेपाल सरकार, अर्थ मन्त्रालय, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल राष्ट्र बैंक, नेपाल धितो पत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लि.लाई धन्यवाद ज्ञापन गर्दछु । हामीलाई विपन्नवर्गमा कर्जा प्रवाहका लागि आवश्यक कर्जा सापट उपलब्ध गराई विपन्नवर्गको उत्थानमा सहयोग गर्ने सबै बैंक तथा वित्तीय संस्थाहरु प्रति पनि आभारी व्यक्त गर्दछु । त्यसै गरी वित्तीय संस्थाको उन्नति र प्रगतिमा साथ दिई कार्य सफलतामा योगदान पुऱ्याउने प्रमुख कार्यकारी अधिकृत सहित वित्तीय संस्था व्यवस्थापन र सम्पूर्ण कर्मचारीहरु तथा मिहिनेत साथ यथासमयमै लेखापरीक्षण गरिदिने बाहय लेखापरीक्षक र कानुनी विषयहरुमा राय दिई सहयोग गर्ने कानुनी सल्लाहकारलाई सञ्चालक समितिको तर्फबाट विशेष धन्यवाद दिन चाहन्छु र विशेष रुपमा हामीलाई निरन्तर सेवा गर्ने महत्वपूर्ण मौका दिई वित्तीय संस्थाको उन्नति र प्रगतिका आधारको रुपमा दीगोपना दिने आदरणीय ग्राहक सदस्यवर्ग प्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु ।

**धन्यवाद** !

सञ्चालक समितिका तर्फबाट

..............................

अध्यक्ष

मिति २०७७ पौष २४ गते शुक्रबार ।

## अनुसूची "क"

## कम्पनी ऐन, २०६३ को दफा १०९(४) बमोजिमका समीक्षा आर्थिक वर्षका खुलाउनुपर्ने अन्य विवरणहरू

(क) **विगत बर्षको कारोवारको सिंहावलोकन** : अध्यक्षज्यूद्वारा प्रस्तुत गरिने सञ्चालक समितिको प्रतिवेदनमा समेटिएको ।

(ख) **राष्ट्रिय तथा अन्तरराष्ट्रिय परिस्थितिबाट कम्पनीको कारोवारलाई कुनै असर परेको भए सोको असर** : अध्यक्षज्यूद्वारा प्रस्तुत सञ्चालक समितिको प्रतिवेदनमा समेटिएको ।

(ग) **प्रतिवेदन तयार भएको मितिसम्म चालू बर्षको उपलब्धि र भविश्यमा गर्नु पर्ने कुराको सम्बन्धमा सञ्चालक समितिको धारण:** अध्यक्षज्यूद्वारा प्रस्तुत गरिने सञ्चालक समितिको प्रतिवेदनमा समेटिएको ।

(घ) **कम्पनीको औद्योगिक वा व्यवसायिक सम्बन्ध** : वित्तीय संस्था आफ्ना सबै सरोकारवाला पक्षसँग सुमधुर सम्बन्ध कायम गर्दै आएको छ । कर्जा सापट प्राप्त गर्न विभिन्न बैंक तथा वित्तीय संस्थाहरु, नियामक निकायहरु लगायत सबै संस्था तथा निकायहरुसँग सौहार्द सम्बन्ध रहेको छ । वित्तीय संस्था भित्र सबै तहका कर्मचारीहरुमा पुर्ण सामान्जस्यता कायम रहेको र निरन्तर एकै परिवार सरह अनुभुती हुने कार्यगत संस्कार रहेको छ ।

(ङ) **सञ्चालक समितिमा भएको हेरफेर र सोको कारण:** अध्यक्षज्यूद्वारा प्रस्तुत गरिने सञ्चालक समितिको प्रतिवेदनमा समेटिएको ।

(च) **कारोवारलाई असर पार्ने मुख्य कुराहरू:** अध्यक्षज्यूद्वारा प्रस्तुत गरिने सञ्चालक समितिको प्रतिवेदनमा समेटिएको ।

(छ) **लेखापरीक्षण प्रतिवेदनमा कुनै कैफियत उल्लेख भए सो उपर सञ्चालक समितिको प्रतिक्रिया** : लेखा परीक्षण प्रतिवेदनमा नियमित कारोबारका सामान्य कैफियत बाहेक गम्भीर प्रकृतिका त्रुटीहरु देखिएको छैन । लेखापरीक्षण प्रतिवेदनबाट प्राप्त सुझावहरुमा सञ्चालक समितिको ध्यानाकर्षण भएको छ । प्रतिवेदनबाट प्राप्त सुझावहरुलाई अनुसरण गर्न व्यवस्थापनलाई निर्देशन दिइएको छ ।

(ज) **लाभांश बाँडफाँड गर्न सिफारिस गरिएको रकम** : अर्थिक बर्ष २०७६/७७ को खुद मुनाफाबाट लाभांश बाँडफाँड गर्न कुनै पनि रकम सिफारिस गरिएको छैन ।

(झ) **शेयर जफत भएको भए जफत भएको शेयर संख्या, त्यस्तो शेयरको अंकित मूल्य, त्यस्तो शेयर जफत हुनुभन्दा अगाबै सो बापत कम्पनीले प्राप्त गरेको जम्मा रकम र त्यस्तो शेयर जफत भएपछी सो शेयर बिक्री गरी कम्पनीले प्राप्त गरेको रकम तथा जफत भएको शेयर बापत रकम फिर्ता गरेको भए सोको विवरण** : हालसम्म कुनै शेयर जफत गरिएको छैन ।

(ञ) **विगत आर्थिक वर्षमा कम्पनी र यसको सहायक कम्पनीको कारोबारको प्रगति र सो आर्थिक वर्षको अन्तमा रहेको स्थितिको पुनरावलोकन** : यस वित्तीय संस्थाको सहायक कम्पनी रहेको छैन ।

(ट) **कम्पनी तथा त्यसको सहायक कम्पनीले आर्थिक वर्षमा सम्पन्न गरेको प्रमुख कारोबारहरू र सो अवधिमा कम्पनीको कारोबारमा आएको कुनै महत्वपूर्ण परिवर्तन** : यस वित्तीय संस्थाको सहायक कम्पनी रहेको छैन ।

(ठ) **विगत आर्थिक वर्षमा कम्पनीको आधारभूत शेयरधनीहरूले कम्पनीलाई उपलब्ध गराएको जानकारी** : हालसम्म कुनै जानकारी प्राप्त भएको छैन ।

(ड) **विगत आर्थिक वर्षमा कम्पनीका सञ्चालक तथा पदाधिकारीहरूले लिएको शेयरको स्वामित्वको विवरण र कम्पनीको शेयर कारोबारमा निजहरू संलग्न रहेको भए सो सम्बन्धमा निजहरूबाट कम्पनीले प्राप्त गरेको जानकारी:**

निम्न सञ्चालक तथा पदाधिकारीहरुले देहाय बमोजिमको शेयर धारण गरेका छन् :

| क्र.सं. | नाम, पद | शेयर स्वामित्व | |
|---|---|---|---|
| | | संस्थागत | व्यक्तिगत |
| (क) | सञ्चालकहरु | | |
| १. | श्री तारा कुँवर (महिला अधिकार तथा विकास केन्द्र) | ५५,००० कित्ता | १०,००० कित्ता |
| २. | श्री सुभाष जमरकट्टेल (प्रतिनिधि माछापुच्छ्रे बैंक) | १,४०,००० कित्ता | |
| ३. | डा. ईमानसिंह गुरुङ्ग | १,४५,००० कित्ता | |
| ४. | श्री इन्दु कुमारी काकी | २०,००० कित्ता | |
| ५. | श्री कोपिला पोखरेल | | |
| (ख) | पदाधिकारीहरु | | |
| १. | श्री कृष्ण प्रसाद न्यौपाने | २,००० कित्ता | |
| २. | श्री बल बहादुर राना | १,००० कित्ता | |

(ढ) **विगत आर्थिक वर्षमा कम्पनीसँग सम्बन्धित सम्झौताहरूमा कुनै सञ्चालक तथा निजको नजिकको नातेदारको व्यक्तिगत स्वार्थको बारेमा उपलब्ध गराइएको जानकारीको व्यहोरा** : छैन ।

(ण) **कम्पनीले आफ्नो शेयर आफैले खरिद गरेको भए त्यसरी आफ्नो शेयर खरिद गर्नुको कारण, त्यस्तो शेयरको संख्या र अङ्कित मूल्य तथा त्यसरी शेयर खरिद गरेबापत कम्पनीले भुक्तानी गरेको रकम** : आफ्नो कुनै शेयर आफूले खरिद गरेको **छैन ।**

(त) **आन्तरिक नियन्त्रण प्रणालि भए वा नभएको र भएको भए सो को विस्तृत विवरण** : संस्थाले हाल कर्जा अपलेखन विनियमावली, समूह/केन्द्र गठन तथा सञ्चालन एवम् बचत तथा कर्जा व्यवस्थापन कार्यबिधि, सूचना प्रविधि निर्देशिक, आर्थिक प्रशासन विनियमावली, कर्मचारी सेवा विनियमावली, ग्राहक पहिचान कार्यविधि, लेखापरीक्षण कार्यविधि आदि तयार गरी लागू गरिएको तथा सो अनुसार कार्यान्वयन गर्दै आएको छ। संस्थामा जोखिम व्यवस्थापन समिति, लेखा परिक्षण समिति तथा कर्मचारी सेवा सुविधा समित गठन गरिएको छ। साथै संस्थाको कारोबारका सन्दर्भमा भविष्यमा आवश्यक पर्ने नीति नियमहरु तर्जुमा गरी कार्यान्वयन गर्दै लगिने एवं संस्थाको आन्तरिक नियन्त्रण प्रणालीलाई अझ सुदृढ बनाउदै लगिने छ।

(थ) **विगत आर्थिक वर्षको कुल व्यवस्थापन खर्चको विवरण** : कर्मचारी खर्च रु.७,८३,९०,६७८।- र अन्य सञ्चालन खर्च रु.२,१२,३५,३४५।- गरी कूल व्यवस्थापन खर्च रु.९,९६,२६,०२३।- रहेको छ।

(द) **लेखापरीक्षण समितिका सदस्यहरूको नामावली, निजहरूले प्राप्त गरेको पारिश्रमिक, भत्ता तथा सुविधा, सो समितिले गरेको काम कारवाहीको विवरण र सो समितिले कुनै सुझाव दिएको भए सो को विवरण** : आ.व. २०७६/७७ को लेखापरीक्षण समितिको संयोजकमा सञ्चालक श्री आमोद श्रेष्ठ, सदस्यमा सञ्चालक डा. इमानसिंह गुरुङ्ग र सदस्य सचिवमा आन्तरिक लेखापरीक्षण विभाग प्रमुख श्री बल बहादुर राना रहनु भएको छ। समितिका सयोजक तथा सदस्यलाई प्रति बैठक भत्ता रु.३५००/- बाहेक अन्य कुनै पारिश्रमिक/सुविधा दिइएको छैन । संस्थामा कार्यरत कर्मचारीलाई बैठक भत्ताको व्यवस्था गरिएको छैन । यस समितिले संस्थाको आन्तरिक लेखापरीक्षण प्रतिवेदन, वाह्य लेखापरीक्षण प्रतिवेदनको समीक्षा गरी सो बाट प्रप्त सल्लाह, सझाव तथा निर्देशनहरुको पालना भए नभएको मूल्याङ्कन गर्ने, तथा उक्त प्रतिवेदनहरुको समीक्षा गरी सुधारका लागि आवश्यक निर्देशन दिने गरेको छ। समितिले आन्तरिक तथा बाह्य लेखापरीक्षकहरु नियुक्तिका लागि सञ्चालक समिति समक्ष आवश्यक सिफारिस गरेको छ।

(ध) **सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख, कम्पनीका आधारभुत शेयरधनी वा निजको नजिकका नातेदार वा निज संलग्न रहेको फर्म, कम्पनी वा संगठित संस्थाले कम्पनीलाई कुनै रकम बुझाउन बाँकी भए सो कुरा** : नभएको

(न) सञ्चालक, प्रबन्ध सञ्चालक, कार्यकारी प्रमुख तथा पदाधिकारीहरुलाई भुक्तानी गरिएको पारिश्रमिक, भत्ता तथा सुविधाको रकम,

- सञ्चालकहरुलाई बैठक भत्ता बापत जम्मा भुक्तान गरिएको रकम रु.१,७३,७५०। रहेको छ।
- कार्यकारी प्रमुखलाई पारिश्रमिकको रुपमा जम्मा भुक्तान गरिएको रकम रु.१६,६६,०००।-

(प) **शेयरधनीहरूले बुझिलिन बाँकी रहेको लाभांश रकम**: हालसम्म लाभांस वितरण गरिएको छैन ।

(फ) **दफा १४१ बमोजिम सम्पत्ति खरिद वा बिक्रि गरेको कुराको विवरण** : सम्पत्ती खरिद विक्री नभएको ।

(ब) **कम्पनी ऐनको दफा १७५ बमोजिम सम्बद्ध कम्पनी बीच भएको कारोबारको विवरण** : नभएको

(भ) **कम्पनी ऐन तथा प्रचलित कानुन बमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनुपर्ने अन्य कुराहरू** : खुलाउनुपर्ने अन्य कुराहरु नभएको ।

(म) **अन्य आवश्यक कुराहरू** : अन्य आवश्यक कुराहरु नभएको। यस ऐन तथा प्रचलित कानून बमोजिम सञ्चालक समितिको प्रतिवेदनमा खुलाउनु पर्ने अन्य कुरा : छैन ।

Regd. with The Institute of Chartered Accountants of Nepal : 56

PYC & ASSOCIATES
Chartered Accountants

A member firm of ECOVIS®

# महिला लघुवित्त वित्तिय संस्था लिमिटेडका

**शेयरधनी महानूभावहरु समक्ष**

**स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन**

## १. वित्तीय विवरण माथि लेखापरीक्षकका राय

हामीले **महिला लघुवित्त वित्तिय संस्था लिमिटेड**को लेखापरीक्षण कार्य सम्पन्न गरेका छौं जसमा आषाढ ३१, २०७७ को वित्तीय विवरणको अवस्था तथा सोही मितिमा समाप्त आर्थिक बर्षको नाफा नोक्सान विवरण, स्वामित्व कोष (Equity) मा भएको परिवर्तन, नगद प्रवाह विवरण तथा महत्वपुर्ण लेखा सम्बन्धी नीति तथा टिप्पणी हरुको सारको लेखापरीक्षण समावेश रहेका छन् । यी वित्तिय विवरणहरु व्यवस्थापनले नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार तयार पारेको छ ।

प्रतिदावी आधार हरफमा उल्लेखित कूराहरुको महत्वले, हामीले प्रस्तूत वित्तीय विवरण नेपाल वित्तीय प्रतिवेदन मान (NFRS) अनूरुप तयार भएको बारेमा रायव्यक्त गर्नका लागी पर्याप्त र उपयूक्त आधार प्राप्त गर्न सकेनौ ।

**प्रतिदाबी राय**

प्रतिदाबी रायको आधार हरफमा उल्लेखित कूराहरुको महत्व र परिवर्तित प्रतिवेदन मानहरु (NFRS) पहिलोपटक ग्रहण गर्दा चाहिने वित्तीय सुचनाको पूर्नलेखन र थप खूलासा यस लघुवित्तमा पालना नगरिएकोले, यसबाट पर्न जाँन सक्ने एकीकृत असरको बारेमा लेखापरीक्षणको सिलसिलामा हामीले प्रर्याप्त प्रमाणहरु संकलन गर्न नसकेकाले, हामी यस लघुवित्तको आ. व. २०७६/२०७७ को वित्तीय विवरणहरुमा आफ्नो राय प्रस्तूत गर्दैनौ ।

## २. रायको आधार

हामीले नेपाल लेखापरीक्षणमान अनूसार लेखापरीक्षण सम्पन्न गरेका छौं । यी मान अनुसार हाम्रो उत्तरदायित्व हामीले यस प्रतिवेदनको *"वित्तीय विवरणहरुप्रति लेखापरीक्षकको जिम्मेवारी"* शीर्षक अन्तर्गत उल्लेख गरेका छौं । लघुवित्तको लेखापरीक्षणको सिलसिलामा सान्दर्भिक नैतिक आवश्कता र नेपाल चार्टर्ड एकाउन्टेन्टस् संस्थाबाट जारी "Handbook of Code of Ethics for Professional Accountants" अनुरुप हामी स्वतन्त्र रहनुका साथै लेखापरीक्षणको सिलसिलामा आवश्यक अन्य नैतिक जिम्मेवारीहरु पूरा गरेका छौं । हामी विश्वस्त छौं कि हामीले प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरुले हाम्रो राय व्यक्त गर्नको लागि पर्याप्त र उपयुक्त आधार प्रदान गरेका छन् ।

Associates Kathmandu Nepal Accountants

पेज १/५

**प्रतिदावी रायको आधार**

| ७. | ब्याज आम्दानी/कर्जा तथा सापट | प्रतिशत | १७.१३ | १०.५२ | - | | |
| ८. | कर्मचारी खर्च/कुल सञ्चालन खर्च | प्रतिशत | ४७.९९ | ४५.३६ | ८२.०८ | | |
| ९. | कुल निक्षेप तथा सापटीमा ब्याज खर्च | प्रतिशत | ९.६९ | ६.२४ | - | | |
| १०. | सटही घटबढ आम्दानी/कुल आम्दानी | प्रतिशत | - | - | - | | |
| ११. | कर्मचारी बोनस/कुल कर्मचारी खर्च | प्रतिशत | ६.४० | ७.७६ | - | | |
| १२. | खुद नाफा/कर्जा सापट | प्रतिशत | १.९५ | १.८० | - | | |
| १३. | खुद नाफा/कुल सम्पत्ति | अनुपात | १.८३ | १.७० | (०.३९) | | |
| १४. | कुल कर्जा/निक्षेप | प्रतिशत | २६९.७१ | २.८१ | - | | |
| १५. | कुल सञ्चालन खर्च/कुल सम्पत्ति | प्रतिशत | ८.६३ | ६.७४ | ०.४१ | | |
| १६. | जोखिम भारित सम्पत्तिमा पुंजीकोषको पर्याप्तता | प्रतिशत | | | | | |
| | (क) प्राथमिक पूँजी | प्रतिशत | ८.५३ | ९.११ | | | |
| | (ख) पूरक पूँजी | प्रतिशत | २.३३ | ०.९८ | | | |
| | (ग) कुल पूँजी कोष | प्रतिशत | १०.८६ | १०.०९ | - | | |
| १७. | तरलता (CRR) | प्रतिशत | ०.५१ | ०.५१ | - | | |
| १८. | निष्क्रिय कर्जा/कुल कर्जा | अनुपात | ०.७८ | ०.६७ | - | | |
| १९. | भारित औसत ब्याजदर अन्तर | प्रतिशत | ४.४४ | ३.९२ | - | | |
| २०. | बुक नेटवर्थ | रु.हजारमा | १८७,८९४ | १५५,२९२ | ३९,३७० | | |
| २१. | कुल शेयर | संख्या | ६००,००० | ६००,००० | ३९५,२३६ | | |
| २२. | कुल कर्मचारी | संख्या | २४१ | २१५.०० | २.०० | | |
| २३. | प्रति शेयर खुद सम्पत्ति | रु. | ३१३ | २५८.८२ | ९९.६१ | | |

महिला लघुवित्त वित्तिय संस्था लिमिटेड अनुसूची ४.२६

## प्रमुख लेखा नीतिहरु

**१. साधारण जानकारी :**

महिला लघुवित्त वित्तिय संस्था लिमिटेड नेपाल राष्ट्र बैंकबाट "बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३" र "कम्पनी ऐन, २०६३" बमोजिम सीमित दायित्व भएको राष्ट्रिय स्तरको "घ" वर्गको लघुवित्त वित्तिय संस्थाको रुपमा स्थापना भएको हो । संस्थाले मिति २०७५।०६।२२ गते वित्तिय कारोबार गर्न राष्ट्र बैंकबाट ईज्जाजत प्राप्त गरेको हो । यस लघुवित्त वित्तिय संस्थाले न्यून आय भएका वा विपन्न वर्गका लक्षित ग्राहक सदस्यहरुलाई लघुवित्त कार्यक्रम मार्फत लघुकर्जा प्रवाह गर्दै आएको छ । यस लघुवित्त वित्तिय संस्थाको रजिष्टर्ड कार्यालय बनेपा नगरपालिका वडा नं. १३, सागा, काभ्रेमा रहेको छ ।

**२. लेखा सम्बन्धी अवधारणा :**

प्रस्तुत वित्तीय विवरणहरु नेपाल राष्ट्र बैंकबाट जारी भएको निर्देशन तथा सो बैंकबाट समय-समयमा जारी भएका परिपत्रहरु तथा उक्त परिपत्रमा उल्लेख गरिए बमोजिमको ढाँचामा बैंक तथा वित्तीय संस्था सम्बन्धि ऐन २०७३ को आधारमा तयार गरिएको छ ।

**३. वित्तीय विवरण तयारीको आधार :**

यस वित्तीय विवरणहरु ऐतिहासिक लागत पद्धतीको आधारमा तयार गरीएको छ । लेखाको सर्वमान्य सिद्धान्त बमोजिम वित्तीय विवरणहरु तयार गर्दा आलोचनात्मक लेखा अनुमानहरु गरिन्छन । साथै, लेखानीति लागू गर्ने क्रममा विवेक समेत प्रयोग गरिएको हुन्छ । यी वित्तीय विवरण नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार तयार पारिएको छ । यी वित्तीय विवरणहरुलाई लघुवित्त संस्थाको अविछिन्न निरन्तरताको आधारमा तयार गरिएको छ । अन्यथा, उल्लेख गरिएको अवस्थामा बाहेक प्रोदभावि लेखाङ्कनको आधारमा तयार गरिएको छ ।

**४. लेखा नीतिहरुको सारांश :**

वित्तीय विवरणहरु ऐतिहासिक लागतको आधारमा तयार गरिएको छ र नेपाली रुपैया (ने.रु.) मा देखाइएको छ । नेपाल लेखा मापदण्डहरु तथा लेखाका सर्वमान्य सिद्धान्तहरु अनुरुप वित्तीय विवरणहरु तयार गर्दा अन्यथा उल्लेख गरिएकोमा बाहेक हरेक बर्षको लेखानीतिमा एकरुपता रहेको छ ।

**५. आम्दानी तथा खर्चको लेखाङ्कन विधिहरु :**

**ब्याज आम्दानी :**

क) कर्जाको ब्याज आम्दानी नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार नगद प्राप्तिको आधारमा लेखाङ्कन गर्ने नीति रहेको छ, जुन नेपाल लेखामान १८ बमोजिम छैन् ।

ख) लगानीमा तथा बैंक मौज्दातमा पाकेको ब्याज आम्दानी प्रोदभावि आधारमा लेखाङ्कन गर्ने नीति रहेको छ ।

**ब्याज खर्च :**

निक्षेप दायित्व तथा लिईएको ऋण सापटीमा तिर्नुपर्ने ब्याज रकम प्रोदभावि आधारमा लेखाङ्कन गर्ने नीति रहेको छ ।

**अन्य आम्दानी तथा खर्चहरु :**

क) ग्राहक सदस्यहरुबाट प्राप्त गर्ने सेवा शुल्क र अन्य शुल्कहरुका साथै लिईएको ऋण सापटीमा लाग्ने सेवा शुल्क र अन्य शुल्कहरुलाई कारोवार गर्दा कै बखतमा आम्दानी वा खर्चमा लेखाङ्कन गर्ने नीति रहेको छ।

ख) अरु सबै आम्दानी र खर्चहरु प्रोदभावि आधारमा लेखाङ्कन गर्ने नीति रहेको छ।

**६. पुँजीकृत नगरिने सम्पत्तिहरु :**

प्रति इकाई रु.५,०००/- मूल्यसम्म लागत पर्ने सम्पत्तिहरुलाई खरिद गर्दाको समयमा नै खर्चको रुपमा लेखाङ्कन गर्ने पद्दती अवलम्बन गर्ने नीति रहेको छ।

**७. कर्जा नोक्सानी व्यवस्था :**

नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार कर्जाको वर्गिकरण तथा न्यूनतम संभावित नोक्सानी व्यवस्थाको लागि खर्च लेखी व्यवस्था हिसावमा लेखाङ्कन गर्ने गरिएको छ।

**८. कर्जा लगानी :**

यस शीर्षकमा नेपाल राष्ट्र बैकले लघुवित्त संस्थाहरुलाई तोकिएको सीमा भित्र रहेर ग्राहक सदस्यहरुलाई प्रदान गरिने कर्जाहरु रहेका छन्। कर्जा सापटको वर्गीकरण नेपाल राष्ट्र बैकको निर्देशनको अधिनमा रही गरिएको छ। उपरोक्त कर्जा सापट रकमबाट कर्जा नोक्सानी व्यबस्था घटाई खूद रकममात्र वासलातमा देखाइएको छ।

**९. खराब कर्जाको अपलेखन :**

यस लघुवित्त वित्तिय संस्थाले नेपाल राष्ट्र बैंकको निर्देशनअनुसार खराब कर्जाले भाखा नाघेको मितिले पाँचवर्ष व्यतित भएमा अपलेखन गर्ने नीति रहेको छ। कर्जाको अपलेखन गर्दा नेपाल राष्ट्र बैंकको निर्देशनअनुसार कर्जाको अपलेखनलाई नाफा/नोक्सान हिसावमा खर्च लेखि उक्त कर्जा वापतको नोक्सानी व्यवस्थालाई कर्जा नोक्सानी व्यवस्थाबाट फिर्ताको रुपमा नाफा/नोक्सान हिसावमा आम्दानीको रुपमा लेखाङ्कन गर्ने नीति रहेको छ।

**१०. गैर बैंकिङ्ग सम्पत्ति :**

क) गैर बैंकिङ्ग सम्पत्ति र गैर बैंकिङ्ग सम्पत्तिको नोक्सानी व्यवस्थाको लेखाङकन र मुल्याङकन नेपाल राष्ट्र बैंकको निर्देशन अनुसार गर्ने नीति रहेको छ।

ख) राष्ट्र बैंकको निर्देशन बमोजिम गैर बैंकिङ्ग सम्पत्तिलाई सम्बन्धित ऋणीबाट असुली हुन बाँकी साँवा वा उक्त सम्पत्तिको बजार मूल्य मध्ये जुन कम हुन्छ सोही रकम बराबर लेखाङ्कन गर्ने नीति रहेको छ।

**११. लगानी :**

लघुवित्त वित्तिय संस्थाले संस्थाबाट गरिने लगानीको मूल्याङकन एकीकृत निर्देशनको ई. प्रा. निर्देशन ४ मा भएको व्यवस्था अनूसार हूने नीति रहेको छ। यस निर्देशन अनुसार लगानीको लेखाङकन लागत मूल्य र बजार मूल्य जुन कम छ त्यसमा गर्नु पर्ने छ। यस लघुवित्त.वित्तयि संस्थाले हाल कुनै पनि कम्पनीको शेयर तथा डिबेन्चरमा लगानी गरेको छैन।

**१२. स्थिर सम्पत्ति :**

स्थिर सम्पत्ति अन्तर्गत सो सम्पत्तिको परल मुल्यबाट ह्रास रकम घटाई बाँकी रहेको खुद रकम देखाइएको छ । सम्पत्तिको परल मुल्यमा सम्पतिको खरिद मुल्यको साथै सो सम्पत्ति खरिद गर्दा लागेका अन्य प्रत्यक्ष खर्चहरु पनि समावेश गर्ने गरिएको छ ।

**१३. ह्रासकट्टी**

क) स्थिर सम्पत्तीको ह्रासकट्टी घट्दो दर प्रणाली अनुसार आयकर ऐन २०५८ मा भएको व्यवस्था बमोजिम ह्रासकट्टी खर्च लेख्ने गरिएको छ । सम्पत्तिहरुको शीर्षक अनुसार निम्न बमोजिम सम्पतिहरुको ह्रासकट्टी दर तथा आयु निर्धारण गर्ने नीति रहेको छ ।

| क्र. सं. | सम्पत्तिहरुको शीर्षक | ह्रासकट्टी दर/सम्पत्तिको आयु |
|---|---|---|
| १ | भवन | 5% |
| २ | सवारी साधन | 20% |
| ३ | फर्निचर तथा फिक्स्चर | 25% |
| ४ | कम्प्युटर तथा कार्यालय उपकरण | 25% |
| ५ | सफ्टवेयर | 5 बर्ष |

ख) चालू आर्थिक वर्षमा खरीद गरि प्रयोगमा ल्याइएका स्थिर सम्पत्तिको ह्रासकट्टी आयकर ऐनको व्यवस्था बमोजिम पौषसम्मको खरीद सम्पत्ति खरिदमा उल्लेखित दरको शतप्रतिशत, माघ दीख चैत सम्ममको खरीदमा उल्लेखित दरको ६६।६६ प्रतिशत, चैत देखि आषाढ मसान्त सम्मको खरीदमा ३३।३३ प्रतिशत खर्च लेख्ने नीति रहेको छ । स्थिर सम्पत्तिको ह्रासकट्टी नेपाल लेखामान अन्तगर्त नभएको पाइयो ।

ग) रु. ५,००० भन्दा कम मूल्यमा खरीद गरिएका सामानहरुलाई खरीद गरेको वर्षमा पुरै रकम खर्च लेख्ने गरिएको छ ।

**१४. सफ्टवेयर :**

सफ्टवेयर लाइसेन्स खरिद गर्दा र सफ्टवेयर विकास गर्दा लागेको रकम पुँजीकृत गरिन्छ र उक्त रकम लाई खरिद गरिएको वा विकास गरिएको मितिले ५ वर्ष सम्मको अनुमानित उपयोगी अवधिमा अपलेखन गर्ने नीति रहेको छ ।

**१५.कर्मचारी बोनसको व्यवस्था :**

संस्थाले बोनस ऐन २०३० को दफा ५(१) अनुसार खुद मुनाफामा १0% को दरले हुन आउने रकम कर्मचारी बोनस व्यवस्थाको लागी छुट्याएको छ ।

**१६. कर्मचारी उपदान कोष :**

हरेक वर्षको आषाढ मसान्तमा, कर्मचारी सेवा नियमावली बमोजिम कर्मचारी सेवा अवधिको आधारमा सिर्जना भएको दायित्व रकम एक्रुरल आधारमा व्यबस्था गरेर नाफा नोक्सान हिसावमा खर्च लेखाङकन गरिएको छ ।

**१७. कर्मचारी संचित बिदाः**

आर्थिक वर्षको अन्त्यमा सम्पूर्ण कर्मचारीको सञ्चित बिदा (घर बिदा र बिरामी बिदा) सिर्जना भएको दायित्वको आधारमा गणना गरि व्यवस्था गरेर नाफा नोक्सान हिसावमा खर्च लेखाङकन गरिएको छ ।

**१८. आयकर व्यवस्था :**

संस्थाको आयकर सम्बन्धी व्यवस्था आयकर ऐन, २०५८ अनुसार हुने नीति रहेको छ । आयकर ऐन, २०५८ अनुसार कुल कर योग्य आयमा त्यस वर्षको कर हिसाब गरी आयकरका लागि व्यवस्था गर्ने नीति रहेको छ । यदि आयकर व्यवस्था अधिक वा कमी भएमा, कर निर्धारण भएपछि नाफा नोक्सान हिसाबमा समायोजन गर्ने नीति रहेको छ ।

**१९. मसलन्द सम्वन्धि व्यवस्था :**

खरीद तथा छपाई मसलन्दलाई स्टोर दाखिला गरी मसलन्द हिसाबमा राखी निकासा तथा खर्च गर्ने गरिएको छ । साथै मसलन्द निकासा गर्दा साधारणतया पहिले खरीद भएको सामान पहिले निकासा गर्ने गरिएको छ ।

**२०. ब्याज गणना गर्ने विधि :**

सम्पुर्ण निक्षेप तथा सापटीमा ब्याज खर्च, कर्जा तथा लगानीमा हुने ब्याज आम्दानीलाई प्रणालीले नै गणना गर्ने गरिएको छ ।

**२१. स्थगन कर :**

सम्पत्ति तथा दायित्व विधिबाट स्थगन आयकरको गणना गरिएको छ । स्थगन आयकर सम्पत्ति तथा दायित्वहरूको कर प्रयोजन तथा वित्तीय विवरणमा भएको लेखाङ्कन विधिमा देखिएको फरकका कारणले पर्न गएको अस्थायी फरकबाट भविष्यको नाफामा पर्ने असरहरूको परिणाम स्वरुप आएका छन् ।

**२२. सम्भावित दायित्वहरु :**

आकस्मिक प्रकृतिको कुनै दायित्वहरु प्रकट हुने निश्चय भएमा सो बापत नाफा नोक्सान हिसाब खातामा व्यवस्था गर्ने गरिएको छ । तर, संस्थाको सम्भावित दायित्वहरु नरहेको हुदा, भविष्यमा दायित्व सिर्जना हुने सम्भावना रहेको छैन ।

## महिला लघुवित्त वित्तिय संस्था लिमिटेड        अनुसूची ४.२७

### लेखा सम्बन्धी टिप्पणीहरु
### आर्थिक वर्ष १ साउन, २०७६ देखि ३१ आषाढ, २०७७ सम्म

१. **जारी तथा चुक्ता पुँजी :**

महिला लघुवित्त वित्तिय संस्था लिमिटेडले रु.१०० दरका १०,००,००० कित्ता शेयर जारी गरेको छ । संस्थाको हालको चुक्ता पुँजी रु.६,००,००,००० रहेको छ। सो कुल चुक्ता पुँजीमा संस्थापक शेयरधनीहरुको मात्र स्वामित्व रहेको छ । संस्थापक शेयरधनीहरुको ६० प्रतिशत रकम चुक्ता भैसकेको छ र सम्पुर्ण जारी पुँजी मध्ये ४० प्रतिशत रकम सर्वसाधारणको लागि साधारण शेयर निश्कासन गर्न बाँकी रहेको छ।

२. **सञ्चित मुनाफा :**

यस लघुवित्त वित्तिय संस्थाको गत बर्षसम्मको सञ्चित मुनाफामा केही हिसाब मिलान गर्न बांकी रहेको हंदा गत वर्षको रकममा निम्न बमोजिम हिसाब मिलान गरिएको छ।

| विवरण | रकम |
|---|---|
| गत बर्षसम्मको सञ्चित मुनाफा | ६१,७८०,३५३ |
| तिर्नुपर्ने तलब | ७,८८५ |
| तिर्न बाँकी श्रोतमा कट्टी कर (ब्याज खर्च) | (८९४) |
| तिर्न बाँकी श्रोतमा कट्टी कर (परामर्श सेवा) | ८२५ |
| तिर्न बाँकी श्रोतमा कट्टी कर (तलब) | २,२५० |
| **यस वर्षको सञ्चित मुनाफा (हिसाब मिलान पश्चात)** | ६१,७९०,४१९ |

३. **ऋण सापटी हिसाब:**

यस लघुवित्त वित्तिय संस्थाले संस्थागत जमानत तथा चल, अचल सम्पत्तिको धितोमा लिएको तिर्न बाँकी ऋण सापटी रु. १,०१२,३९८,१७१ रहेको छ।

४. **जगेडा कोष:**

**क) साधारण जगेडा कोष:**

बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ४४ बमोजिम यस लघुवित्त वित्तिय संस्थाले आर्जन गरेको कर पछिको नाफाबाट २० प्रतिशत रकम चुक्ता पुँजीको दोब्बर नहुन्जेलसम्म साधारण जगेडा कोषमा रकमान्तर गर्दै जानुपर्छ। यस वर्ष लघुवित्त वित्तिय संस्थाले रु. ६,९४२,६९८ साधारण जगेडा कोषमा रकमान्तर गरिएको छ।

**ख) ग्राहक संरक्षण कोष:**

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको लघुवित्त वित्तीय संस्थालाई जारी गरिएको निर्देशन २०७६ बमोजिम ग्राहकहरुको हित तथा संस्थागत विकासमा खर्च गर्ने गरी खुद मुनाफाको १ प्रतिशतले हुन आउने रकम रु.३४७,१३५ ग्राहक संरक्षण कोषमा रकमान्तर गरिएको छ । आषाढ मसान्त २०७७ मा कोषमा भएको बाँकी रकम रु

२६,४२१,३०८.१६ र यस वर्षको थप रकम रु ३४७,१३५ गरी ग्राहक संरक्षण कोषमा जम्मा रु २६,७६८,४४३ रकम रहेको छ ।

यस लघुवित्त वित्तिय संस्थाले ग्राहक संरक्षण कोषमा रहेको रकम नेपाल एसबिआई बैंकमा मुद्धती निक्षेप खाता खोलि रकमान्तर गरेको र वित्तीय संस्थाको नाममा यस बाहेक अन्य मुद्धती निक्षेप खाता संचालनमा नरहेको पाइयो ।

**ग) संस्थागत सामाजिक उत्तरदायित्व कोषः**

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गका लघुवित्त वित्तीय संस्थालाई जारी गरिएको निर्देशन २०७६ बमोजिम संस्थागत सामाजिक उत्तरदायित्व सम्वन्धी कार्यमा खर्च गर्ने गरी खुद मुनाफाको १ प्रतिशतले हुन आउने रकम रु ३४७,१३५ संस्थागत सामाजिक उत्तरदायित्व कोषमा रकमान्तर गरिएको छ ।

**घ) संस्था विकास कोष**

यस लघुवित्त वित्तिय संस्थाले संस्था विकास कोष सम्वन्धी कार्यमा खर्च गर्ने गरी खुद मुनाफाको ०.५ प्रतिशतले हुन आउने रकम रु १७३;५६७ संस्था विकास कोषमा रकमान्तर गरिएको छ ।

**५. प्रस्तावित शेयर तथा नगद लाभांश**

संस्थाले यस वर्ष प्रस्तावित शेयर तथा नगद लाभांशको लागि रकम छुटयाएको छैन ।

**६. कर्मचारी बोनस :**

कर्मचारी बोनस व्यवस्था रकम बोनस खर्च बाहेकको खुद मुनाफामा १० % को दरले हुन आउने रकम रु ५,०२०,७८५ व्यवस्था गरिएको छ ।

**७. उपदान तथा विदा बापत ब्यबस्था**

क) साउन ०१, २०७६ देखि आषाढ मसान्त २०७७ सम्म संस्थाको कर्मचारी नियमवलीमा उल्लेखित सेवा अवधिको आधारमा सिर्जना भएको दायित्व रु २८७,७२४ रकम थप गरी आषाढ मसान्त सम्म जम्मा रु १,११८,५२१ रकम व्यवस्था भएको छ ।

ख) २०७७ आषाढ मसान्तसम्मको संचित विदा प्रोदभावी आधारमा रु ५,४७७,१९७ विदा भुक्तानी बापत ब्यवस्था गरिएको छ ।

**८. स्थगन कर :**

स्थगन कर सम्पत्ति तथा दायित्व आयकर सम्बन्धी नेपाल लेखामान ९ अनुसार गणना गरिएको छ । उक्त गणना यसप्रकार रहेको छ ।

(अंकहरु रकममा)

| विवरण | कीतावी आधार | कर आधार | अस्थाई करयोग्य फरक | अस्थाई घटने फरक | अस्थाई फरक ३१ आषाढ २०७७ मा |
|---|---|---|---|---|---|
| कर्मचारी उपदान खर्चको व्यवस्था | १,११८,५२१ | - | १,११८,५२१ | | १,११८,५२१ |

| | | | | | |
|---|---|---|---|---|---|
| कर्मचारी बिदा भुक्तानी तथा खर्चको व्यवस्था | ५,४७७,१९७ | - | ५,४७७,१९७ | - | ५,४७७,१९७ |
| खुद अस्थाई फरक | | | | | ६,५९५,७१७ |
| स्थगन कर सम्पत्ति (३० प्रतिशतका दरले) | | | | | १,९७८,७१५ |
| गतवर्ष सम्मको स्थगन कर सम्पत्ति | | | | | ११,९३,४७१ |
| **यस वर्षको स्थगन कर आय/(खर्च)** | | | | | ७८५,२४४ |

स्थगन कर सम्पत्तिमा बढेको रकम नाफा नोक्सान हिसाबमा स्थगन कर आम्दानीमा लेखिएको छ।

९. **कर दायित्व:**

| विवरण | रकम (रु.) |
|---|---|
| यस वर्षको कुल कर दायित्व | १६,२७९,६०१ |
| न्युन: अग्रिम कर | (६,१२८,३३५) |
| **खुद कर दायित्व/(अग्रिम)** | १०,१५१,२६५ |

संस्थाको २०७७ असाढ मसान्तको खुद कर दायित्व रु. १०,१५१,३३५ रहेको छ।

संस्थाको कूल कर दायित्व खुद मूनाफाको ३० प्रतिशतले हून आउने रकम रु. १६,२७९,६०१ रहेकोमा २०७६।७७ मा भूक्तानी गरीएको अग्रिम कर रु. ६,१२८,३३५ घटाई बांकी रहेको दायित्व देखाइएको हो।

१०. **प्रमुख कार्यकारी अधिकृत तथा व्यवस्थापनलाई भुक्तानी:**

तलब, भत्ता तथा अन्य सुविधा बापत प्रमुख कार्यकारी अधिकृतलाई रु.१६६६,०००। व्यवस्थापन तहका कर्मचारीहरुलाई रु.३,८३७,८८० भुक्तानी गरिएको छ। साथै प्रचलित नियम अनुसार कर्मचारी बोनस प्रदान गरिएको छ।

११. **सम्बन्धित पक्ष सम्बन्धि विवरण:**

क) यस लघुवित्त वित्तिय संस्थाको तल उल्लिखित गरिएको बाहेक अन्य सम्बन्धित पक्षसँग कारोवार रहेको छैन।

| कारोबार | माछापुच्छ्रे बै.क |
|---|---|
| आ.व. | २०७६।७७ |
| कर्जा सापट | १२५,०००,००० |
| व्याज भुक्तानी | ९,०४३,३२९ |

माथि उल्लिखित बैंक तथा वित्तिय संस्थामा यस लघुवित्तको बैंक खाता पनि सञ्चालनमा रहेको छ।

अन्य सम्बन्धित पक्षसँगको कारोबार निम्न बमोजिम रहेको छ।

| कारोबार | रकम |
|---|---|
| कार्यकारी प्रमूखको तलब र भत्ताको भूक्तानि | १६६६,००० |
| संचालक समितीको बैठक भत्ताको भुक्तानि | १७३,७५० |

ख) यस लघुवित्त वित्तिय संस्थाका प्रमुख व्यवस्थापकिय पदाधिकारीहरुसँग कुनै पनि लिनुपर्ने तथा दिनुपर्ने रकम बाँकी छैन र उक्त व्यक्तिहरु तथा तिनका नातेदारहरुबाट संस्थालाई कुनै हानी नोक्सानी भए वापत कुनै नोक्सानी व्यवस्था गर्न परेको छैन ।

**१२. कर्जा लगानी, कर्जा असुली तथा कर्जा र ब्याजको अपलेखन सम्बन्धी विवरण:**

| विवरण | कर्जा रकम रु. मा |
|---|---|
| शुरु मौज्दात | १,३४७,८८०,३२९ |
| यस अवधिमा थप | २,३१५,०५२,३१६ |
| यस अवधिमा असुली | (१,८८१,३५४,५९४) |
| यस अवधिमा अपलेखन | ० |
| **२०७७ आषाढ मसान्तको मौज्दात** | **१,७८१,५७८,०५१** |

**१३. कर्जाको ब्याज सम्बन्धि :**

मौद्रिक नीतिको कोभिड १९ को सन्दर्भमा गरिएका प्रमुख नीतिगत व्यवस्था बमोजिम कर्जाको २०७६ चैतमा कायम ब्याजदरमा आर्थिक वर्ष २०७६/७७ को चौथो त्रयमासको लागि लघुवित्त वित्तीय संस्थाको हकमा ३ प्रतिशत विन्दुले ऋणीलाई ब्याज छुट दिनुपर्ने व्यवस्था गरिएकोमा साही अनूरुप कर्जाको ब्याज तोकिएको छ। यस व्यवस्था अन्तर्गत २०७७ अषाढ मसान्त सम्म मिती २०७७०११६ को सूचनामा उल्लेख भए बमोजिम ग्राहकहरुलाई कर्जामा प्रदान गरिएको कूल ब्याज छूट रकम रु. ७,८७५,६९२ रहेको छ ।

त्यस्तै ऋणीले २०७६ चैतमा भुक्तानी गर्नुपर्ने कर्जाको किस्ता सोही महिनामा भुक्तानी गरेमा ब्याजमा १० प्रतिशत छुट पाउने व्यवस्था रहेतापनि चैतमा कर्जाको किस्ता भुक्तानी भएको छैन ।

**१४. अन्तरशाखा हिसाव मिलान विवरण :**

यस लघु वित्त वित्तिय संस्थाको अन्तर शाखा हिसाबको मौज्दात रु. शुन्य रहेको छ ।

**१५. गैर बैंकिङ्ग सम्पत्ति :**

लघुवित्त वित्तिय संस्थाले हालसम्म कुनै गैर बैंकिङ्ग सम्पत्ति प्राप्ती गरेको छैन ।

**१६. निक्षेप दायित्वको परिवर्तन :**

| सदस्य निक्षेप दायित्व | शुरु मौज्दात | यस वर्षको थप निक्षेप | भुत्तानी | बांकी |
|---|---|---|---|---|
| समुह बचत | ८२,७७४,३८८ | ४४,८२४,८०० | १३,४७२,५०२ | ११४,१२६,६८६ |
| केन्द्र कोष | ७९,२७७,२१८ | ४६,०२८,६४२ | ३८,९२९,६९९ | ८६,३७६,१६१ |
| Welfare Fund बचत | २,७२२,९५१ | २,११५,९४१ | ९५६,०२० | ३,८८२,८७२ |

| | | | | |
|---|---|---|---|---|
| पेन्सन फन्ड बचत | १७९,१९७,४६९ | ११३,१८६,६४३ | ३४,१४४,९७१ | २५८,२३९,१४१ |
| फेस्टीबल बचत | ९०८,८९९ | ७,७३८,२११ | २,९१८,४४२ | ५,७२८,६६८ |
| Nominee पेन्सन फन्ड बचत | १८,०३९,१०९ | २१,८१६,१८९ | ५,२२६,१७१ | ३४,६२९,१२७ |
| मतृत्व बचत | २९,७३८,९३२ | २९,६७२,२४४ | १०,२२८,९५९ | ४९,१८२,२१७ |
| व्यत्तिगत बचत | ८७,६२९,९६३ | १६२,२७५,८२८ | १४१,५१४,६९० | १०८,३९१,१०१ |

## १७. भारित औसत ब्याजदर अन्तर विवरण:

निक्षेप र कर्जाको भारित औसत ब्याजदरको अन्तर ४.४४ प्रतिशत रहेको छ ।

## १८. लिजहोल्ड सम्पत्ति :

लघुवित्त वित्तिय संस्थाको लिजहोल्ड सम्पत्ति रहेको छैन ।

## १९. शेयर पुंजीमा लगानी

यस लघुवित्त वित्तिय संस्थाको २०७७ आषाढ मसान्त सम्ममा कुनै पनि संस्थामा लगानी रहेको छैन ।

## २०. वित्तीय सम्पत्ति तथा वित्तीय दायित्वको भूक्तानी मितिमा अन्तर विश्लेषण :

रकम रु. हजारमा

| क्र सं | विवरण | १-९० दिन | ९१-१८० दिन | १८१-२७० दिन | २७१-३६५ दिन | १ वर्ष भन्दा बढी | कुल |
|---|---|---|---|---|---|---|---|
| १ | नगद तथा बैंकवित्तीय संस्थामा रहेको मौज्दात | १३२,१३९ | - | - | - | ३१२ | १३२,४५१ |
| २ | कुल कर्जा | ३५६,३१६ | ३२०,६८४ | २८५,०५२ | २६७,२३७ | ५५२,२८९ | १,७८१,५७८ |
| ३ | अन्य | ७,४८८ | ५,४३३ | ५,४३३ | ५,४३३ | ५,४३३ | २९,२१९ |
| | कुल वित्तीय सम्पत्ति | ४९५,९४३ | ३२६,११७ | २९०,४८५ | २७२,६७० | ५५८,०३४ | १,९४३,२४९ |
| ४ | सदस्यको निक्षेप | १३२,१११ | ८८,९०० | १०५,६८९ | ९९,०८३ | २३४,७७२ | ६६०,५५६ |
| ५ | ऋण तथा सापटी | २०२,४८० | १५२,२३२ | १४१,९८४ | १३१,८६० | ३८३,८४३ | १,०१२,३९८ |
| ६ | विविध साहुहरु | - | - | - | - | - | - |
| ७ | भुक्तानी दिन बाँकी ब्याज | - | - | - | - | - | - |
| ८ | व्यवस्थाहरु | - | - | - | - | - | - |
| ९ | अन्य दायित्वहरु | ४४,०५९ | १२०,६५३ | २७,२४७ | २५,५४४ | ५२,७९१ | २७०,२९५ |
| | कुल वित्तीय दायित्व | ३७८,६५० | ३६१,७८५ | २७४,९२० | २५६,४८७ | ६७१,४०७ | १,९४३,२४९ |
| | खुद वित्तीय सम्पत्ति | ११७,२९३ | (३५,६६८) | १५,५६६ | १६,१८२ | (११३,३७३) | - |
| | संचित खुद वित्तीय सम्पत्ति | ११७,२९३ | ८१,६२५ | ९७,१९१ | ११३,३७३ | ० | ० |

## २१. कर्जाको केन्द्रिकरण :

यस लघुवित्त वित्तिय संस्थाले नेपाल राष्ट्र बैंकले तोकेको सामूहिक जमानीको कर्जा सीमा भित्र रही कर्जा प्रदान गर्ने गरेको छ । यस आर्थिक वर्षको कर्जा रकम अन्तर्गतको कर्जा लगानी निम्न अनुसार रहेको छ ।

| कर्जाको किसिम | बाकी रहेको कर्जा | कुल कर्जाको प्रतिशत |
|---|---|---|
| धितो कर्जा | १७४,८११,३९२ | ९.८१ % |
| आकस्मीक कर्जा | ५५१,५५८ | ०.०३ % |
| साधारण कर्जा | ८६५,५९८,२९८ | ४८.५९ % |
| लघु कर्जा | ५३७,७४६,००६ | ३०.१८ % |
| मातृत्व कर्जा | २२,८८५,८४७ | १.२८ % |
| मौसमी कर्जा | १७९,९८४,९५० | १०.१० % |
| जम्मा | १,७८१,५७८,०५१ | १०० % |

२२. **कर्जा नोक्सानी व्यवस्था :**

कोरोना भाइरसको संक्रमणको कारण बैंक तथा बित्तिय संस्थामा पर्न सक्ने प्रभावलाई मध्यनजर गर्दै नेपाल राष्ट्र बैंकले निर्देशनको बुँदा नं.२.१ को उपबुँदा (आ) बमोजिम असल वर्गमा वर्गीकरण भएका तर २०७७ असार मसान्तसम्ममा भुक्तानी गर्नुपर्ने साँवा र ब्याज रकम असूल हुन नसकेको अवस्थामा भाखा नाघेको अवधिको आधारमा तल्लो वर्गमा वर्गीकरण गर्नु पर्ने कर्जाहरुको लागि ५ प्रतिशत र किस्ताको ब्याज असूल भई साँवा रकम मात्र बक्यौता रहेका कर्जाको लागि २ प्रतिशत कर्जा नोक्सानी व्यवस्था कायम गर्नुपर्नेछ भनि निर्देशन दिएकोमा सोही अनूरुप कर्जा नोक्सानी व्यवस्था कायम गरिएको छ ।

| विवरण | रकम रु. |
|---|---|
| शुरु मौज्दात | १९,७३७,०२६ |
| यस अवधिको थप | ५१,५७०,५६५ |
| यस अवधिमा आम्दानी देखाईएको | (१७,०२७,१६६) |
| कर्जा अपलेखन | ० |
| २०७७ आषाढ मसान्तको रकम | ५४,२८०,४२४ |

यस लघुवित्त वित्तिय संस्थाले नयां कर्जाको हकमा कर्जा स्वीकृत भएको महिना समाप्त भएको १५ दिन भित्र तथा अन्य कर्जाको विवरण हरेक त्रयमास समाप्त भएको १५ दिन भित्र कर्जा चुक्ता नभए सम्म कर्जाको विवरण कर्जा सूचना केन्द्रमा पठाउनू पर्ने व्यवस्थाको पालना गरेको पाइयो ।

२३. **खर्चको अपलेखन :**

यस लघुवित्त वित्तिय संस्थाको यस वर्ष अपलेखन गर्न बाँकी कुनै पनि खर्च नरहेको पाइयो ।

२४. **पुँजी पर्याप्तता :**

यस लघुवित्त वित्तिय संस्थाले नेपाल राष्ट्र बैंकको न्यूनतम पुँजीकोष सम्बन्धी निर्देशनको पालना गरेको छ ।

२५. **शेयर वापत प्राप्त हुने बाँकी रकम**

यस लघुवित्त वित्तीय संस्थाको वर्षान्त सम्म शेयर वापत प्राप्त हुन बाँकी रकम छैन ।

२६. **रकम पूर्णाङ्कित :**

सबै रकमहरु नजिकको रुपैयासँग पूर्णाङ्कित गरिएको छ ।

PYC & Associates Chartered Accountants Kathmandu Nepal

## महिला लघुवित्त वित्तीय संस्था लिमिटेड

# संस्थापक/ संस्थापक समूहका शेयरधनीले आफनो स्वामित्वमा रहेको शेयर अन्य बैंक तथा वित्तीय संस्थामा धितो राखी कर्जा लिएको विवरण

अनुसूची ४.२८

| क्र.सं. | संस्थापक/संस्थापक समूह अन्तर्गत पर्ने शेयरधनीको नाम | संस्थापकको स्वामित्वमा कायम रहेको शेयर | | कर्जा विवरण | | | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | कुल कित्ता संख्या | कुल चुक्ता पूँजीको प्रतिशत | कर्जा लिएको अन्य बैंकरवित्तीय संस्थाको नाम | कर्जा रकम | धितोमा रहेको शेयर कित्ता संख्या | |
| १ | महिला अधिकार तथा विकास केन्द्र | ५५,००० | ९.१७% | – | – | – | यस किसिमको कारोबार नभएको । |
| २ | माछापुच्छ्रे बैंक लि. | १४०,००० | २३.३३% | – | – | – | |
| ३ | तुल्सी थापा | २०,००० | ३.३३% | – | – | – | |
| ४ | जुली कुमारी | १००,००० | १६.६७% | – | – | – | |
| ५ | डा. इमानसिह गुरुङ | १४५,००० | २४.१७% | – | – | – | |
| ६ | इनदु कार्की | २०,००० | ३.३३% | – | – | – | |
| ७ | लक्ष्मी चौधरी | २०,००० | ३.३३% | – | – | – | |
| ८ | तारा कुवर | १०,००० | १.६७% | – | – | – | |
| ९ | निरु राई | ४५,००० | ७.५०% | – | – | – | |
| १० | लक्ष्मी अर्याल | ५,००० | ०.८३% | | | | |
| ११ | उमा भण्डारी | ५,००० | ०.८३% | – | – | – | |
| १२ | सृजना राना | ५,००० | ०.८३% | – | – | | |
| १३ | शान्ति गौतम | ५,००० | ०.८३% | – | – | – | |
| १४ | माया भण्डारी | ५,००० | ०.८३% | – | – | – | |
| १५ | इन्दिरा गिरी | ५,००० | ०.८३% | – | – | – | |
| १६ | शान्ता कुमारी शर्मा | ५,००० | ०.८३% | – | – | – | |
| १७ | तिल कुमारी पाण्डे | ५,००० | ०.८३% | – | | | |
| १८ | कृष्ण प्रसाद न्यौपाने | २,००० | ०.३३% | – | – | – | |
| १९ | तल्सी पण्डित | २,००० | ०.३३% | – | – | – | |
| २० | बल बहादुर राना | १,००० | ०.१७% | – | – | – | |
| | **जम्मा** | ६००,००० | १००.००% | – | – | – | |

# महिला लघुवित्त वित्तीय संस्था लिमिटेड

## चौथो त्रैमास आ.व. २०७६/७७ (मिति २०७७/०३/३१)

# लेखापरीक्षण नभएको र लेखापरीक्षण भएको वित्तीय विवरणको तुलना

अनुसूची ४.२९

रु हजारमा

| क्र.सं | विवरण | लेखा परीक्षण नभएको वित्तीय विवरण | लेखा परीक्षण भएको वित्तीय विवरण | फरक | | फरक हुनाको कारण |
|---|---|---|---|---|---|---|
| | | | | रकम | प्रतिशत | |
| १ | **कुल पूँजी तथा दायित्व** | १,९४३,२४९ | १,८९२,५३६ | ५०,७१३ | ३% | |
| १.१ | चुक्ता पूँजी | ६०,००० | ६०,००० | - | ०% | |
| १.२ | जगेडा तथा कोषहरु | १०१,७९७ | १२७,८९४ | (२६,०९७) | -२६% | नाफा नोक्सान हिसाबमा रहेको नाफा फरक भएको कारण सोही अनुरुप जगेडा फरक भएको । |
| १.३ | ऋणपत्र तथा बन्ड | - | - | - | | - |
| १.४ | सापटी | १,०१२,५१९ | १,०१२,३९८ | १२१ | ०% | Trial Balance मा मिलाइएको |
| १.५ | निक्षेप दायित्व | ६६०,५५६ | ६६०,५५६ | - | | |
| १.६ | आयकर दायित्व | १५,०६९ | १०,१५१ | ४,९१८ | | |
| १.७ | अन्य दायित्व | ९३,३०७ | २१,५३७ | ७१,७७१ | ७७% | कर्मचारी बोनस व्यवस्थामा फरक रहेको । |
| २ | **कुल सम्पत्ति** | १,९४३,२४९ | १,८९२,५३६ | ५०,७१३ | ३% | |
| २.१ | नगद तथा बैंक मौज्दात | १४०,२९४ | १४०,२९६ | (२) | ०% | सन्तुलन परिक्षण अनुसार दुरुस्त रहेको । |
| २.२ | माग तथा अल्प सूचनामा प्राप्त हुने रकम | - | - | - | | |
| २.३ | लगानी | - | - | - | | |
| २.४ | कर्जा तथा सापट | १,७८१,५७८ | १,७३८,२६३ | ४३,३१५ | २% | लेखा परीक्षण अनुसार कर्जा नोक्सानी व्यवस्थाका समायोजन गरिएको । |
| २.५ | स्थिर सम्पत्ति | १०,५४८ | १०,५५० | (३) | ०% | |
| २.६ | गैर बैंकिङ्ग सम्पत्ति | - | - | - | | |
| २.७ | अन्य सम्पत्ति | १०,८२९ | ३,४२७ | ७,४०२ | ६८% | स्थगन कर आम्दामीका कारण फरक रहेको |
| ३ | **नाफा नोक्सान हिसाब** | | | - | | |
| ३.१ | ब्याज आम्दानी | २७०,३९५ | २७०,३९५ | - | ०% | ब्याज आम्दानी र फि, कमिशन र डिस्काउण्टको खर्च माथी तल भएको |
| ३.२ | ब्याज खर्च | (१४२,११३) | (१४२,११३) | (०) | ०% | |
| **क** | **खुद ब्याज आम्दानी** | १२८,२८२ | १२८,२८२ | (०) | ०% | |
| ३.३ | फि, कमिशन र डिस्काउण्ट | ३,८४५ | ५०,१२६ | (४६,२८०) | -१२०३% | ब्याज आम्दानी र फि, कमिशन र डिस्काउण्टको खर्च माथी तल भएको । |
| ३.४ | अन्य सञ्चालन आम्दानी | ४६,२७८ | - | ४६,२७८ | ०% | |
| ३.४ | Foreign Exchange Gain/:Loss (Net) | - | - | - | | |
| ३.५ | सटही घटबढ आम्दानी/नोक्सान (खुद) रकम | - | - | - | | |
| **ख** | **कुल सञ्चालन आम्दानी** | १७८,४०५ | १७८,४०८ | (३) | ०% | |
| ३.६ | कर्मचारी खर्च | (७७,२४७) | (७८,३९१) | १,१४४ | -१% | कर्मचारी खर्च र सञ्चालन खर्चको खर्च माथी तल भएको |
| ३.७ | अन्य सञ्चालन खर्च | (२२,३५१) | (२१,२३५) | (१,११६) | ५% | कर्मचारी खर्च र सञ्चालन खर्चको खर्च माथी तल भएको |
| **ग** | **सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन नाफा** | ७८,८०८ | ७८,७८२ | २६ | ०% | |
| ३.८ | सम्भावित नोक्सानी व्यवस्थाहरु | (४०,६०५) | (४०,६०५) | - | ०% | लेखा परीक्षण अनुसार कर्जा नोक्सानी व्यवस्थाका समायोजन गरिएको |
| **घ** | **सञ्चालन मुनाफा** | ३८,२०३ | ३८,१७७ | २६ | ०% | |
| ३.९ | गैर सञ्चालन आम्दानी / खर्च (खुद) | २५ | २५ | - | ०% | वित्तीय साक्षारता तथा अन्तरक्रियाबाट भएको आम्दानी RMDC सहयोग प्राप्त |
| ३.१० | सम्भावित नोक्सानी व्यवस्थाबाट फिर्ता | १७,०२७ | १७,०२७ | ० | ०% | |
| **ङ** | **नियमित कारोवारबाट भएको मुनाफा** | ५५,२५५ | ५५,२२९ | २६ | ०% | |
| ३.११ | असामान्य कारोवारहरुबाट भएको आम्दानी/खर्च | - | - | - | | |
| **च** | **बोनस र कर अघिको नाफा** | ५५,२५५ | ५५,२२९ | २६ | ०% | |
| ३.१२ | कर्मचारी बोनस व्यवस्था | (५,०२३) | (५,०२१) | (२) | ०% | सम्भावित नोक्सानी व्यवस्थाहरु लेखापरीषण नभएकोमा समायोजन नभएकोले गर्दा नाफा फरक भएको कारण । |
| ३.१३ | आयकर व्यवस्था | (१५,०६९) | (१५,४९४) | ४२५ | -३% | कर्मचारीको संचित विदा, उपदान व्यबस्था र औषधि उपचार बापतको खर्च रकममा आयकर गणना गरेको । |
| **छ** | **खुद नाफा / (नोक्सान)** | ३५,१६२ | ३४,७१३.४९ | ४४८ | १% | |

# Mahila Laghubitta Bittiya Sanstha Limited

Head Office Sanga, Kavre

## Unaudited Financial Statement (Quarterly)

As on 4th Quarter (31 Asadh, 2077) For the Fiscal Year (2076/77)

(Rs. in '000)

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| **1** | **Total Capital & Liabilities (1.1 to 1.7)** | **1,943,248.71** | **1,814,383.46** | **1,457,828.76** |
| 1.1 | Paid-up Capital | 60,000.00 | 60,000.00 | 60,000.00 |
| 1.2 | Reserves and Surplus | 101,796.55 | 96,860.19 | 62,394.33 |
| 1.3 | Debenture and Bond | - | - | - |
| 1.4 | Borrowings | 1,012,519.35 | 890,070.25 | 778,850.75 |
| 1.5 | Deposits | 660,555.97 | 651,249.03 | 480,288.93 |
| | a. Domestic Currency | | | - |
| | b. Foreign Currency | | | |
| 1.6 | Income Tax Liabilities | 15,069.42 | 12,953.84 | 13,207.94 |
| 1.7 | Other Liabilities | 93,307.42 | 103,250.15 | 63,086.81 |
| **2** | **Total Assets (2.1 to 2.7)** | **1,943,248.71** | **1,814,383.46** | **1,457,828.76** |
| 2.1 | Cash & Bank Balance | 140,293.63 | 41,703.43 | 81,567.28 |
| 2.2 | Money at call and short Notice | - | - | - |
| 2.3 | Investments | - | - | - |
| 2.4 | Loans & Advances | 1,781,578.05 | 1,729,192.60 | 1,347,880.33 |
| 2.5 | Fixed Assets | 10,547.62 | 11,552.00 | 10,484.13 |
| 2.6 | Non Banking Assets | - | - | - |
| 2.7 | Other Assets | 10,829.41 | 31,935.43 | 17,897.02 |
| **3** | **Profit and Loss Account** | **Up to this Quarter** | **Up to Previous Quarter** | |
| 3.1 | Interest income | 270,395.10 | 199,736.58 | 184,868.34 |
| 3.2 | Interest Expense | 142,112.66 | 100,446.86 | 99,076.44 |
| **A** | **Net Interest Income (3.1-3.2)** | **128,282.44** | **99,289.72** | **85,791.90** |
| 3.3 | Fees Commission and Discount | 3,845.46 | 3,479.04 | 1,769.34 |
| 3.4 | Other Operating Income | 46,277.58 | 42,350.76 | 49,311.34 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | - | - | - |
| **B** | **Total Operating Income (A+3.3+3.4+3.5)** | **178,405.49** | **145,119.53** | **136,872.59** |
| 3.6 | Staff Expenses | 77,246.56 | 55,373.67 | 53,777.88 |
| 3.7 | Other Operating Expenses | 22,351.01 | 16,812.91 | 24,099.56 |
| **C** | **Operating profit Before Provision (B-3.6-3.7)** | **78,807.92** | **72,932.94** | **58,995.15** |
| 3.8 | Provision for Possible Loss | 40,605.42 | 41,221.90 | 19,115.71 |
| **D** | **Operating profit (C-3.8)** | **38,202.50** | **31,711.04** | **39,879.43** |
| 3.9 | Non Operating Income/Expenses (Net) | 24.87 | | 170.81 |
| 3.10 | Write Back of Provision for Possible Loss | 17,027.17 | 15,786.37 | 8,378.86 |
| **E** | **Profit From Regular Activities (D+3.9+3.10)** | **55,254.54** | **47,497.41** | **48,429.10** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | - | - | |
| **F** | **Profit Before Bonus and Taxes (E+3.11)** | **55,254.54** | **47,497.41** | **48,429.10** |
| 3.12 | Provision For Staff Bonus | 5,023.14 | 4,317.95 | 4,402.65 |
| 3.13 | Provision For Tax | 15,069.42 | 12,953.84 | 13,207.94 |
| **G** | **Net Profit/Loss (F-3.12 -3.13)** | **35,161.98** | **30,225.63** | **30,818.52** |
| **4** | **Ratios** | | | |
| 4.1 | Capital Fund to RWA | 9.87% | 9.81% | 9.86% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 0.78% | 2.53% | 0.61% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 310.27% | 103.39% | 2.4081 |
| 4.4 | Cost of Funds | 9.69% | 9.46% | 10.76% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 269.70% | 265.52% | 280.64% |
| | **Additional Information (Optional)** | | | |
| | Average Yield (Local Currency) | 17.83% | 17.39% | |
| | Net Interest Spread (Local Currency) | 7.06% | 9.89% | |
| | Return on Equity | 25.18% | 18.70% | |
| | Return on Assets | 2.11% | 1.67% | |

केन्द्रीय कार्यालय
बालुवाटार, काठमाडौं
फोन: ४४१२८२३
फ्याक्स नं. ४४१२२२४
Email : nrbmfpsd@nrb.org.np
Website : www.nrb.org.np
पोष्ट बक्स : ७३

# नेपाल राष्ट्र बैंक
## लघुवित्त संस्था सुपरिवेक्षण विभाग

पत्र संख्याः ल.वि.सु.वि./गैर-स्थलगत /महिला/०७७/७८/१९६४ मिति : २०७७/०९/०१

श्री महिला लघुवित्त वित्तीय संस्था लिमिटेड
साँगा, काभ्रेपलाञ्चोक ।

विषय : **वार्षिक वित्तीय विवरण प्रकाशित गर्ने स्वीकृति सम्बन्धमा ।**

महाशय,

त्यस संस्थाले पेश गरेको आर्थिक वर्ष २०७६/७७ को लेखापरीक्षण भएको वासलात, नाफा नोक्सान हिसाव, सोसँग सम्वन्धित अनुसूचीहरू, लेखापरीक्षकको प्रतिवेदन, लङ्गफर्म अडिट रिपोर्ट समेतका आधारमा गैर-स्थलगत सुपरिवेक्षण गर्दा देखिएका कैफियतहरूका सम्बन्धमा अन्य प्रचलित कानूनी व्यवस्था समेतको पालना गर्ने गरी देहायका निर्देशनहरु शेयरधनीहरुको जानकारीका लागि बार्षिक प्रतिवेदनको छुट्टै पानामा समावेश गरेर कार्यान्वयन गर्ने गरी एवम् आर्थिक वर्ष २०७६/७७ को वित्तीय विवरणहरु वार्षिक साधारणसभा प्रयोजनको लागि प्रकाशन गर्न स्वीकृति प्रदान गरिएको व्यहोरा निर्णयानुसार अनुरोध छ ।

१. यस बैंकबाट इजाजतपत्र प्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७७ को निर्देशन नं. १ को बुँदा नं. ७ बमोजिम प्रत्येक महिनाको वित्तीय विवरणको आधारमा निर्देशन फा.नं. घ १.१ र घ १.२ बमोजिम पुँजीकोष सम्बन्धी विवरण तयार गरी आन्तरिक लेखापरीक्षणबाट प्रमाणित गराई यस बैंकको लघुवित्त संस्था सुपरिवेक्षण विभागमा महिना समाप्त भएको मितिले १५ दिन भित्र सोको विद्युतीय प्रति पठाइ सक्नु पर्ने र मासिक रुपमा आन्तरिक लेखापरीक्षकबाट प्रमाणित गराएर पेश गर्न नसकेमा मासिक विवरणमा सो व्यहोरा खुलाउनुपर्ने व्यवस्था रहेकोले सोही बमोजिम यस बैंकमा पठाउने व्यवस्था गर्नु हुन ।
२. संस्थाको कर्जा व्यवस्थापन पक्षको अवस्थामा कमीकमजोरी देखिएको जस्तै कर्जाको विश्लेषण नभएको, कर्जा प्रवाह गर्दा सोको साँवा ब्याज असुल हुने भुक्तानी तालिका ऋणीलाई उपलब्ध नगराएको, कर्जा सदुपयोगीताको निरीक्षण नभएको, व्यक्तिगत जमानीकर्ता नभएको, ऋणीको आम्दानी पुष्टि हुने कागजात नराखिएको आदिमा सुधार गरी कर्जा व्यवस्थापनलाई प्रभावकारी र त्रुटी रहित ढंगबाट सञ्चालन हुने व्यवस्था गर्नु हुन ।
३. बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा २१ बमोजिम सञ्चालक समितिको बैठक वर्षमा कम्तीमा १२ पटक बस्नु पर्ने र दुइ वटा बैठकको बीचको फरक साठी दिनभन्दा बढी हुन नपाउने व्यवस्था बमोजिम सञ्चालक समितिको बैठक (अनलाईनबाट समेत बस्न सकिने) नियमित रुपमा बसी आवश्यक कार्यसम्पादन गर्ने गर्नु हुन ।
४. आ.व.२०७६/७७ मा पासबुक शुल्क बापत रु.१,७०,३९० र खाताबन्दी शुल्क बापत रु. २,३८,६००।०० गरी सदस्यहरुबाट संकलन गरिएको कुल रकम रु.४,०८,९९०।०० ग्राहक संरक्षण कोषमा रकमान्तर गरी यस विभागलाई १५ दिन भित्र जानकारी दिनु हुन ।
५. कोभिड-१९ को असर न्यूनीकरण गर्न यस बैंकबाट जारी निर्देशन बमोजिम संस्थाले कर्जा सापटमा उपलब्ध गराएको एवं अन्य बैंक तथा वित्तीय संस्थाबाट लिएको सापटी रकममा प्राप्त ब्याज छुट रकम अनुसूची घ ४.२७ लेखा सम्बन्धी टिप्पणीमा समावेश गरी वित्तीय विवरण प्रकाशित गर्नु हुन ।

नेपाल राष्ट्र बैंक
लघुवित्त संस्था सुपरिवेक्षण विभाग

केन्द्रीय कार्यालय
वालुवाटार, काठमाडौं
फोन: ४४१२८२३
फ्याक्स नं. ४४१२२२४
E-mail : nrbmfpsd@nrb.org.np
Web site : www.nrb.org.np
पोष्टवक्स : ७३

६. यस बैंकबाट इजाजतपत्र प्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरूलाई जारी गरिएको एकीकृत निर्देशन, २०७७ को निर्देशन नं. १ को बुँदा नं. १० मा भएको "घ" वर्गका इजाजतपत्र प्राप्त संस्थाले न्यूनतम चुक्ता पुँजी राष्ट्रियस्तरको थोक कर्जा प्रदान गर्ने संस्थाले रु.६० करोड, अन्य थोक कर्जा प्रदान गर्ने बाहेकका राष्ट्रियस्तरको संस्थाले रु.१० करोड र प्रादेशिकस्तरको संस्थाले रु.२ करोड पुऱ्याउनु पर्ने व्यवस्था अनुसार यथाशिघ्र यस बैंकले तोकेको न्युनतम चुक्ता पुँजी पुऱ्याउनु हुन ।

७. यस बैंकबाट इजाजतपत्र प्राप्त "घ" वर्गका लघुवित्त वित्तीय संस्थाहरुलाई जारी गरिएको एकीकृत निर्देशन, २०७७ को निर्देशन नं. १५ को बुँदा नं. ६ को उप-बुँदा नं. (क) अनुसार संस्थाले निक्षेप खाता सञ्चालन गरे बापत ग्राहकबाट कुनै किसिमको सेवा शुल्क लिन पाइने छैन भन्ने व्यवस्था बमोजिम आफ्ना ग्राहकहरुबाट एसएमएस बापत असुल गरिरहेको रकम नलिने गरी यथाशिघ्र व्यवस्था गर्नु हुन र यस बैंकलाई १५ दिन भित्र जानकारी दिनु हुन ।

८. बैंक तथा वित्तीय संस्था लगायत अन्य निकायहरुबाट गरिने लिलाम बढाबढ लगायत ऋण असुली सम्बन्धी कार्यहरुमा संस्थाका कर्मचारीहरु सहभागी हुन नपाउने व्यवस्था संस्थाको कर्मचारी प्रशासन विनियमावलीमा समावेश गरेको कुरा यस विभागलाई जानकारी गराउनु हुन ।

९. ग्राहक संरक्षण कोषमा रहेको रकम Earmark गरी छुट्टै लगानी गर्ने र यस्तो लगानीबाट प्राप्त आम्दानी सोही कोषमा जम्मा गर्ने र उक्त कोषमा रहेको रकमबाट कुनै पनि किसिमको कर्जा तथा सापटी प्रदान गर्न नपाइने व्यवस्थाको पालना गरी उक्त ग्राहक संरक्षण कोष सञ्चालन गर्नु हुन ।

१०. यस बैंकको स्थलगत एवं गैरस्थलगत निरीक्षणको क्रममा देखिएका विभिन्न कैफियतहरुको सम्बन्धमा आवश्यक निर्देशन दिइएकोमा कतिपय निर्देशनहरुको परिपालना नभएको र सोही कैफियतहरु पुनः देखिएको हुँदा पूर्ववत निर्देशनहरुको समयमा नै परिपालना गरी आन्तरिक लेखापरीक्षक, बाह्य लेखापरीक्षक तथा यस बैंकबाट औंल्याएका थप अन्य कैफियतहरु पुनः नदोहोरिने गरी सुधार गर्नुहुन ।

भवदीय,

(नविन तिमिल्सिना)
उप-निर्देशक

**बोधार्थ** : कार्यान्वयन फाँट ।

---

**यस वित्तीय संस्थाको मिति २०७७/०९/०२ गते बसेको सञ्चालक समितिको बैठकमा नेपाल राष्ट्र बैंकबाट बार्षिक वित्तीय विवरण प्रकासन गर्ने सम्बन्धमा दिएका निर्देशनहरुको वारेमा जानकारी लिईयो । साथै उल्लेखित निर्देशनहरुलाई पालना गर्ने सम्बन्धमा आवश्यक प्रक्रिया कार्यान्वयनमा ल्याउने समेत निर्णय गरियो ।**

# कविता मगरको सफलताका पाईलाहरू

चितवन जिल्ला कालिका-४ पदमपुर प्रभातटोल स्थित पिता खडक बहादुर सारु मगर र माता मनमाया सारु मगरको कोखबाट जन्मेकि कविता मगर परिवारकी कान्छी छोरी हुन । परिवारको आर्थिक अवस्था कमजोर भएको कारणले धेरै अध्ययन गर्ने अवसर नपाएकी कविताको उहाँको विवाह १६ वर्षको कलिलो उमेरमा दिदिको मृत्यू पछि आपनो भिनाजु श्री रेशम बहादुर मगर सँग भयो । उहाँका श्रीमान भारतीय सेनामा कार्यरत हुनुहुन्थ्यो । श्रीमानको कमाईले ४ जना छोरा छोरीको पठाई र घर खर्च चलाउन पनि धौधौ हुने भएकाले आफुले पनि केही गरी परिवारकको अवस्था सुधार गनुपर्छ भन्ने धारण रहेकी कविता मगर सानो लगानीबाट व्यवसाय सञ्चालन गर्न चाहानुहुन्थ्यो । गाउघरमा मिटर ब्याज चल्ने र कसैले विश्वास नगर्ने अवस्थामा कतैबाट कर्जा लिई आफुले व्यवसाय सुरुवात गर्न नसकिएको , जसका कारण आपनो क्षमता हुँदा हुँदै पनि श्रीमानको मुख तान्नु अवस्था रहेको थियो ।

उहाँको भनाई अनुसार महिला लघुवित वित्तीय संस्था लि. टाँडी शाखाबाट आफ्नो गाउँका १७ जना महिलाहरुलाई ७ दिनको तालिम दिई मिति २०७४र१२र२५ मा के.नं. ४१ गठन भयो र उहाँ पनि सो केन्द्रमा आवद्ध हुनु भयो । सुरुमा रु १,०००। बाट बचत बाट सुरुवात गरी बचत गर्ने बानीको विकास गरेको र हाल उहाँको बचत खातामा रु.५७४४३। जम्मा भएको छ । थोरै थोरै गरेर यती धेरै रकम जम्मा भएकोमा उहाँ खुशी हुनुहुन्छ । सुरुमा रु.५०,००० कर्जाले सानो किराना पसल व्यवसाय सुरु गरेकोमा हाल उक्त पसलमा रु.३,००,००० पूँजी रहेको छ । त्यस्तै श्रीमानको अवकास पश्चात श्रीमानले पनि व्यवसाय गर्नको लागि साथ दिएको कारण यस सस्थाबाट थप लघुकर्जा रु.१,००,००० लगानी गरी ५ कठ्ठा जग्गामा केरा खेती गरिएकोमा हाल सो व्यवसाय विस्तार भई ज्ञण कठ्ठा जग्गमा रु.छ,ण्ण,ण्ण्ण को लगानीमा सञ्चालनमा रहेको ५ । सदस्यको व्यवसाय तथा इमान्दारिता हेरी यस सस्थाबा६ पुनः रु. द्द,छण,ण्ण्ण लगानी गरि तोरी खेती गरी हाल घ वद्दै व्यवसाय सञ्चालनमा रहेका ५न् । देशमा लकडाउनको अवस्था रहेको अवस्थामा समेत किराना पसल तथा कृषि व्यवसायवाट नियमित आम्दानी भएको हुनाले वित्तीय संस्थाको किस्ता तिर्न तथा जिविकोपार्जनमा कुनै समस्या नरहेको उहाँको भनाई छ ।



यस महिला लघुवित वित्तिय सस्थाको बिना धितो कर्जा लगानीबाट एउटा असाहाय जो अरुको आशमा बस्नुपर्ने अवस्थाबाट हाल आफैले सञ्चालन गरेको व्यवसायमा अरुलाई रोजगारी दिन सकेकोमा यस सस्थाले दिएको कर्जा मेरो लागि बरदान स्वरुप भएको उहाँको भनाई छ । यसका साथै केही वर्ष अघि २।४ जना सँग बोल्न नसक्ने कविता मगर आजकल कुनै सभासमारोहमा जाँदा बोल्न हिाकिचावट नगरी बोल्ने बानीको विकास भएको छ ।

# सदस्यका परियोजना तथा केन्द्र वैठक गतिविधिहरू



देवघाट शाखाको केन्द्र नं.१, को केन्द्र वैठक



थानकोट शाखाको केन्द्र नं.४६ कि रञ्जिता बस्नेतको कपडा पसल



सुखढ शाखाकी सानुदेवी सिंङ आफ्नो बाख्रापालन फर्ममा



टाडी शाखाको केन्द्र नं.६३ को केन्द्र वैठक



ढल्केवर शाखाकी फुल कुमारी यादवको भैंसी पालन व्यवसाय



धनगढी शाखाको केन्द्र नं.६७ मा केन्द्र वैठक



केन्द्र नं.३ कीर्तिपुर शाखाकी सरिता मग्रान्तिको जुत्ता पसल



बालाजु शाखाकी शारदा वस्ति आफ्नो किराना पसलमा

# 'मुन्नीको सफलतामा महिला लघुवित्तको साथ'

सुदुरपश्चिम प्रदेश कैलाली जिल्ला धनगढी.उ.म.न.पा वडा नं. १५ उर्मीमा बुवा रामचन्द्र राना थारु आमा चुन्टी देवी रानाको कोखबाट जेठी छोरीको रुपमा वि.स.२०४२/०३/१५ मा यस धर्तिमा पाईला टेक्नु भएको हो । राना थारु परिवेशमा हुर्किदै अगाडी बढेकी मुन्नी बाल्यकाल देखी नै मेहनेती, ईमान्दार भएको उहांका आफन्हरु बताउंछन् । अति बिपन्न परिवारमा जन्मेकी मुन्नी आफनो जिवन निवार्हका लागी दिनभरी ज्याला मजदुरी गर्दै साहुको घरमा कमलरी समेत बस्नु परेकोले स्कुलको अध्यनबाट संधैका लागी बन्चीत बन्नुपऱ्यो । उहाँको विवाह अर्काको घरमा कमलरी भई बसेका अत्ति बिपन्न परिवारका गोपाल रानासँग भयो । भनिन्छ **"अरूलाई दुख दिएर खुशि हुनुभन्दा आफू दुखि भएर अरूलाई खुशी दिंदा आनान्दीत महशुस गरिन्छ"** । यही भनाईलाई आत्मसाथ गरी श्रीमाानको कमाईले दैनिक गुजारा गर्न कठिन हुने हुँदा आफु पनि सोही साहुको घरमा कमलरी भई काम काज गर्दै फुर्सदको समयमा कृषि कार्यमा लाग्नु भयो ।



उहाँको बाउ बाजेको पालादेखि नै कृषि पेशा गरेता पनि खान लाउन नपुगेको ईतिहास देखाउँदै मुन्नीले तरकारी खेती गरि एक दिन कृर्षिमा अवश्य सफल हुन्छु भन्दै विगत ६ बर्षबाट जाने अनुसार तरकारी खेती गर्दै आउनु भएको छ । साहुले सधै मानसिक यातना दिने हुनाले आफैले केहि गरौ भन्ने भन्ने सोचाईले आफुसँग भएको ३ कट्टा जग्गामा तरकारी खेती सुरु गर्नु भयो । यसबाट थोरै भए पनि आम्दानी भयो र थप मेहनत गर्ने ईच्छाशक्ति जागृत भयो । मिती २०७५/०९/२३ मा महिला लघुवित्त वित्तीय संस्था लिमिटेड शाखा कार्यालय धनगढीले उहाँको घर नजिकै गठन गरेको केन्द्र नं. ५७ को सदस्य हुनु भयो । त्यो दिन उहाँ अत्यन्तै खुशी हुनु भयो रें । घरपरिवारको सल्लाह र समूहका दिदी बहिनीहरुको बिश्वासले उहाँले रु.८० हजार कर्जा प्राप्त गर्नु भयो । सोकर्जाले १० कट्टा जग्गा भाडामा लिई बेमौषमी तरकारी खेती सुरु गर्नु भयो । हाल संस्थाबाट रु.२ लाख कर्जाउपभोग गरिरहनु भएको छ । धनगढी बजारमा उहाँको तरकारी थोक तथा खुद्रा रुपमा बिक्री भईरहेको छ । महिला लघुवित्त संस्थाले आयोजना गरेको बेमौषमी तरकारी खेती तालीममा समेत सहभागी भएकोले उहाँलाई आफ्नो व्यवसाय सञ्चालनमा ठुलो सहयोग पुगेको बताउनु हुन्छ । आज महिला लघुवित्तले दिएको ब्यबसायिक कर्जा र तालीमले मुन्नीको सफलताको कारण सबैले विश्वास गर्न थालेका छन् । समुहका सबैजनालाई क्षमता अनुसारको मात्र ऋण लिई कर्जाको सही सदुपयोग गर्न सुझाव दिईरहेकी छन् । हाल १ विघा जग्गा भाडामा लिएर तरकारी खेति गर्दै आईरहेको मुन्नीको सबै खर्च कटाएर रु.४ लाख बार्षिक आम्दानी हुने गरेको छ ।

# शाखा कार्यालय प्रमुखहरु

| क्र.स. | नाम थर | कार्यरत शाखा | क्र.स. | नाम थर | कार्यरत शाखा |
|---|---|---|---|---|---|
| १ | श्री ममता कार्की | डिल्लीबजार | २९ | श्री तपेन्द्र शाही | लम्की |
| २ | श्री साबित्री डुम्राकोटी (पराजुली) | कीर्तिपुर | ३० | श्री निर सिंह चौधरी | बेलौरी |
| ३ | श्री शारदा लामिछाने | हात्तिगौडा | ३१ | श्री प्रकाश बहादुर चन्द | अत्तरिया |
| ४ | श्री बुद्धि प्रसाद भट्ट | मैनमैजु | ३२ | श्री नारद न्यौपाने | धनगढी |
| ५ | श्री अनुप राना मगर | जोरपाटी | ३३ | श्री दिपक कुमार रिमाल | महेन्द्रनगर |
| ६ | श्री अन्जना घिमिरे | थानकोट | ३४ | श्री माया देवी उप्रेती | सांगा |
| ७ | श्री रबिन दाहाल | जडिबुटी | ३५ | श्री मनोज कुमार महत | पालुङटार |
| ८ | श्री कमल भारती | जहरसिंहपौवा | ३६ | श्री नविन लामिछाने | ढिकुरे |
| ९ | श्री अमर बहादुर सिंह | हेटौंडा | ३७ | श्री धनराज बम | बाबियाचौर |
| १० | श्री संजिव कुमार यादव | सिमरा | ३८ | श्री कृष्णा कुमार यादव | नगराईन |
| ११ | श्री रेसुका घिमिरे | चापागाउँ | ३९ | श्री रमेश दाहाल | देवघाट |
| १२ | श्री श्रीकृष्ण बस्नेत | कमलविनायक | ४० | श्री निरोज विष्ट | भोटेवडार |
| १३ | श्री श्याम बाबु चौधरी | विरगञ्ज | ४१ | श्री संजय कुमार चौधरी | सिरहा |
| १४ | श्री संजित कुमार राजवंशी | कलैया | ४२ | श्री राम कुमार चमार | पकडी |
| १५ | श्री संजय कूमार चौधरी | जनकपुर | ४३ | श्री संजय कुमार चौधरी | भोक्राहा |
| १६ | श्री टेक बहादुर बोगटी | गुलरिया | ४४ | श्री मिथुन कुमार चौधरी | हरिवन |
| १७ | श्री दिपा चौधरी | बाँसगढी | ४५ | श्री काशीराम राजवंशी | कर्सिया |
| १८ | श्री डम्बर बहादुर डि.सी. | ढल्केबर | ४६ | श्री राम प्रसाद चौधरी | टंकिसिनवारी |
| १९ | श्री नबिना बञ्जारा | टाँडी | ४७ | श्री मनोज कुमार मण्डल | सप्तरी कञ्चनपुर |
| २० | श्री हिमशंकर न्यौपाने | कोहलपुर | ४८ | श्री बोधेन्द्र बि.सी | प्रेमनगर |
| २१ | श्री मन्दिप आले | गीतानगर | ४९ | श्री विशेश्वर विष्ट | विरेन्द्रनगर |
| २२ | श्री पूर्ण बहादुर भण्डारी | बर्दघाट | ५० | श्री विवेक कुमार सिंह | राजिपुर |
| २३ | श्री सरिता कार्की | चन्द्रपुर | ५१ | श्री विष्णु कुमार चौधरी | हासुलिया |
| २४ | श्री उद्धव कुंवर | बुटवल | ५२ | श्री माधव तिमल्सीना | भजनी |
| २५ | श्री धनजय कुमार हाथी | लहान | ५३ | श्री गौतम कुमार चौधरी | वेथरी |
| २६ | श्री शत्रुधन झा | जलेश्वर | ५४ | श्री निरन्जन चौधरी | धकधई |
| २७ | श्री बम बहादुर रावल | नेपालगञ्ज | ५५ | श्री अञ्जन खनाल | सुनौलाबजार |
| २८ | श्री रोशन प्रसाद जैसी | सुखढ | ५६ | श्री शरद भण्डारी | श्रीगाउँ |

# टिपोट

# टिपोट